म.जि.प्र.का.द.नं. : १०६/०६८, वर्ष १५ अंक ४० सोमबार, २३ भदौ २०८२ ने. सं. ११४५ जललगा 8 September 2025 www.sajhakuranews.com पृष्ठ संख्या ४ मूल्यः रु. ३/-

मकवानपुरबाट प्रकाशित लोकप्रिय 'क' वर्गको पत्रिका

# साझाकुरा

राष्ट्रिय दैनिक

www.sajhakuranews.com

## राँगाले हान्दा बालक घाइते

हेटौंडा, २२ भदौ/पश्चिम मकवानपुरको मनहरी गाउँपालिका-६ लोथरबजारमा राँगाले हान्दा एकजना बालक घाइते भएका छन् । शनिबार साँझ राँगाले अटोलाई ठक्कर दिँदा पल्टिन गई अटोमा सवार मकवानपुर मनहरी गाउँपालिका-७ बिजौना बस्ने ५ वर्षीय आशिष मोक्तान घाइते भएका हुन् । पूर्वपश्चिम सडक खण्डको लोथरबाट मनहरीतर्फ आउँदै गरेको बा.प्र.०३-००१ ह १५६० न. अटो बाटो क्रसगर्ने क्रममा मकवानपुर मनहरी गाउँपालिका-६ बस्ने ४० वर्षीय नीरज कुँवरको गोठमा बाँधीराखेको राँगो गोठबाट फुत्की अटोलाई ठक्कर दिएको प्रहरीचौकी सुनाचुरीले जनाएको छ ।

घाइते बालकको उपचारका लागि मनहरी अस्पताल लगिएकोमा सामान्य उपचारपश्चात् थप उपचारका लागि नयाँ मेडिकल कलेज चितवनमा पठाइएको बागमती प्रदेश प्रहरी कार्यालयका सूचना अधिकारी प्रहरी उपरीक्षक ढकेन्द्र खतिवडाले जानकारी दिए । घाइतेको निधार र बायाँ कुममा भित्रीचोट लागेको छ ।

### चेपाङ समुदायले मनाए न्वागी पर्व

# चेपाङ संस्कृतिलाई विश्वसामु चिनाउन वृत्तचित्र निर्माण हुँदैः मन्त्री श्रेष्ठ

मनिल महतो

हेटौंडा, २२ भदौ/ मकवानपुर, धादिङ, चितवन, गोर्खाका चेपाङ समुदायले सामुहिकरुपमा छोनाम अर्थात न्वागी खाने पर्व मनाएका छन् ।

नेपाल चेपाङ संघको आयोजनामा चितवनको इच्छाकामना गाउँपालिका वडा नं. ६ कालिखोलामा विशेष सांस्कृतिक कार्यक्रमसहित न्वागी पर्व मनाइएको हो । बागमती प्रदेश सरकारका संस्कृति तथा पर्यटन मन्त्री सुरेश श्रेष्ठले एकपाखे ढ्याङग्रो ठोकेर न्वागी पर्वको उद्घाटन गरे । कार्यक्रममा मन्त्री श्रेष्ठले चेपाङबस्तीलाई पर्यटन हबकारुपमा विकास गर्ने प्रदेश सर कारको योजना रहेको बताए । 'यो बस्तीलाई पर्यटनक्षेत्रको रुपमा अघि बढाउन संस्कृति पर्यटन मन्त्रालय निरन्तर लागिरहनेछ,' मन्त्री श्रेष्ठले भने, 'हामीले नै आफ्नो भाषा, भेषभूषा र संस्कार जोगाउन सकेनौं भने अस्तित्व नै संकटमा पर्छ ।'



पहिलोपटक न्वागी पर्वमा सहभागी भएको अनुभव सुनाउँदै उनले चेपाङ समुदायको संस्कृति र भाषाको संरक्षणलाई आफ्नो प्राथमिकता बनाउने प्रतिबद्धता व्यक्त गरे । मन्त्री श्रेष्ठले प्रदेश सरकारले चेपाङ संस्कृतिलाई विश्वसामु चिनाउन वृत्तचित्र निर्माण गरिरहेको जानकारी पनि दिए । चेपाङ भाषाबारे गरिएको अध्ययनले चेपाङ समुदायका करिब ५० प्रतिशतले मात्रै भाषा बुझ्ने तथ्य देखाएको उनले बताए । 'जम्मा जनसंख्या ८४ हजार छ । अब हामीले नै यसलाई जोगाउन सकेनौं भने अर्को पुस्ताले यो भाषा र संस्कृति पाउने छैन,' उनले भने ।

त्यसैगरी मन्त्रालयका सचिव दीपेन्द्र सुवेदीले न्वागी पर्वलाई राष्ट्रिय सम्पदा भनेर व्याख्या गर्दै डकुमेन्ट्री निर्माण भइरहेको बताए । 'चेपाङ भाषा, लिपि र संस्कृतिको संरक्षणमा मन्त्रालय निरन्तर सक्रिय छ,' सुवेदीले भने, 'चेपाङ बस्तीलाई होमस्टे र सम्पदा अवलोकनमार्फत् पर्यटन हब बनाउने योजना अघि बढाइरहेका छौं ।' त्यसैगरी कार्यक्रममा नेपाल चेपाङ संघ अध्यक्ष गोबिन्दराम चेपाङले न्वागी पर्व सांस्कृतिक पहिचानसँग जोडिएको बताए । 'यो केवल पर्व होइन, हाम्रो अस्तित्वको पहिचान हो,' उनले भने, 'हिजो बेलुका दीपप्रज्ज्वलन गर्दा हरेक घरमा बत्ती बलेको देख्दा हामी जितको अनुभूति गरेका छौं ।'

उनले नयाँपुस्ताले पनि न्वागीलाई आफ्नै सांस्कृतिक पर्वकारुपमा आत्मसात गरेकोमा उत्साह प्रकट गरे । नेपालका ६ जिल्लामा बसोबास गर्दै आएका चेपाङ समुदायले पालैपालो न्वागी पर्व विशेषरुपमा मनाउँदै आएका छन् । अध्यक्ष गोबिन्दका अनुसार अघिल्लो वर्ष धादिङमा आयोजना भएको न्वागी पर्व यसवर्ष चितवनमा सम्पन्न भएको हो भने अर्को वर्ष मकवानपुरको राक्सिराङमा आयोजना गरिनेछ । चेपाङ समुदायको परम्परा जोगाउने काममा प्रदेश सरकारले सार्वजनिक बिदा दिएर चेपाङ समुदायको सम्मान बढाएको उनको भनाई छ ।

**न्वागी पर्वले मौलिक सांस्कृतिक पहिचानलाई झल्काएको छः मुख्यमन्त्री बानियाँ**

यसैबीच बागमती प्रदेशका मुख्यमन्त्री इन्द्रबहादुर बानियाँले पनि न्वागी पर्वको अवसरमा आइतबार शुभकामना सन्देश जारी गरेका छन् । उनले चेपाङ समुदायको महत्वपूर्ण पर्व 'न्वागी (छोनाम) २०८२' ले मौलिक सांस्कृतिक पहिचानलाई झल्काउने बताए । उनले भनेका छन्, 'यहाँका प्रत्येक जातजाति र समुदायको आआफ्नै सांस्कृतिक महत्व बोकेको मौलिक परम्परा रहेका छन् । बहुजातीय, बहुभाषिक, बहुधार्मिक र बहुसांस्कृतिक राष्ट्रको रुपमा रहेको हाम्रो मुलुकको राष्ट्रिय सांस्कृतिक पहिचानको रुपमा चेपाङ समुदाय रहेको छ ।'

बानियाँले शुभकामना सन्देशमा चामल, पिठो, निबुवा आदि फलफूलले भरिपूर्ण हुने पृथ्वीलाई भण्डारको रुपमा पूजा गर्ने र नयाँ फलफूल तथा अन्न खानुअघि नै इष्टदेवलाई चढाउने धार्मिक विश्वासका साथ यो समुदायमा 'न्वागी' मनाउने गरिएको उल्लेख गरेका छन् । बागमती प्रदेशमा बसोबास गर्ने चेपाङ समुदायले यस पर्वलाई विशिष्टीकृत सांस्कृतिक पहिचान स्थापित गरेको र परम्परागत मूल्यमान्यताले नयाँ पुस्तालाई जोडेको भन्दै मुख्यमन्त्री बानियाँले प्रशंसा गरेका छन् ।

उनले चेपाङ समुदायको उत्थान र विकासका लागि बागमती प्रदेश सरकारले सदैव सहयोग गर्न तयार रहेको प्रतिबद्धता जनाएका छन् । सबैको साथ र सहयोगमा सामाजिक सद्भाव कायम गर्दै राष्ट्रियता, लोकतन्त्र र गणतन्त्रलाई सुदृढ गरी समाजवादको लक्ष्य हासिल गर्न सबै एकताबद्ध भई अगाडि बढ्नुपर्नेमा उनले जोड दिएका छन् । चेपाङको न्वागीका अवसरमा बागमती प्रदेश सरकारले धादिङ, मकवानपुर र चितवनमा सार्वजनिक बिदा दिएको थियो । आन्तरिक मामिला तथा कानुन मन्त्रालयकी सहप्रवक्ता रविता कार्कीका अनुसार बागमती प्रदेश राजपत्रको खण्ड ८, संख्या ३२, भाग ३ मा २०८१ चैत २१ गते प्रकाशित सूचनाअनुसार बिदा दिने निर्णय गरिएको हो ।

चेपाङ समुदायको बाक्लो बसोबास भएका जिल्लामा न्वागी पर्वको अवसरमा बिदा दिइएको उनको भनाइ छ । चितवनमा १८ हजार १ सय पुरुष र १७ हजार ५ सय ३७ महिला गरी ३५ हजार ६ सय ३७ चेपाङ बसोबास गर्छन् । त्यस्तै, मकवानपुरमा ११ हजार ९ सय ७२ पुरुष र ११ हजार ६ सय ७८ महिला गरी २३ हजार ६ सय ५० छन् । धादिङमा ८ हजार ६ सय ८७ पुरुष र ८ हजार ४ सय ७३ महिला गरी १७ हजार १ सय ६० जना चेपाङ बसोबास गरेका छन् ।

नयाँ अन्नबाली, फलफूल पाकेपछि चेपाङ समुदायले न्वागी पर्व मनाउने परम्परा रहेको छ । न्वागीमा घैयाँ धानको चामल, पिँडालु, निबुवा लगायत फलफूलले भूमि र पितृलाई पूजा गर्ने परम्परा रहीआएको छ । चेपाङ समुदायमा नयाँ अन्न पितृलाई नचढाइ खाएमा देउता रिसाउँछन् भन्ने धार्मिक विश्वास रहिआएको छ । यसै मान्यताका आधारमा, यसपर्वमा झाक्री (पाण्दे) द्वारा ढ्यांग्रो ठटाउँदै कुखुराको भाले काटेर चढाउने परम्परा छ । चेपाङले यसदिनलाई 'वारना' को रुपमा पनि मनाउने गर्छन्, जुन कृतज्ञता र समर्पणको प्रतीक हो ।

छोनाम न्वागीको अवसरमा छरछिमेकी र नातागोतालाई निम्त्याई सामूहिक भोजखाने, नाचगान गर्ने र सुखदु:ख साट्ने परम्पराले सामाजिक एकतालाई थप बलियो बनाउँछ । चेपाङले यस पर्वलाई 'पान्देई घ्यासा' को नामले पनि सम्बोधन गर्ने गर्दछन् । भेलामा ढ्यांग्रो बजाउने, टीका लगाउने र आपसमा आशीर्वाद थाप्ने गर्दछन् ।

# सामाजिक सञ्जालमा लागेको प्रतिवन्धविरुद्ध विरोध

साझाकुरा संवाददाता

हेटौंडा, २२ भदौ/नेपाल पत्रकार महासंघका पूर्वपदाधिकारीले सूचीकरण नभएका फेसबुकसहितका सामाजिक सञ्जाल सरकारले निष्क्रिय गरेको विरोधमा सडकमा प्रदर्शन गरेका छन् ।



सरकारले सञ्चार तथा सूचना प्रविधि मन्त्रालयमा सूचीकरण नभएका सामाजिक सञ्जालहरु निष्क्रिय पारेको विरोधमा काठमाडौंको माइतीघर मण्डलामा आइतबार उनीहरुले प्रदर्शन गरेका हुन् । सामाजिक सञ्जालमा नियन्त्रण लाद्न खोज्नु प्रेस स्वतन्त्रता र अभिव्यक्ति स्वतन्त्रतामाथिको प्रत्यक्ष प्रहार भएको भन्दै निर्णय फिर्ता लिन उनीहरुको माग छ । सोही मन्त्रालयले नेपालमा सूचीकरण नभएका सामाजिक सञ्जाललाई यही भदौ १८ देखि निष्क्रिय पार्ने निर्णय गरेको थियो ।

सरकारको निर्णय कार्यान्वयनमा गइसकेको छ । सरकारले सामाजिक सञ्जालको प्रयोग व्यवस्थित गर्ने निर्देशिका २०८० तथा सर्वोच्च अदालतको पर मादेशका आधारमा सामाजिक सञ्जाल निष्क्रिय बनाएको हो । सरकारको सोही निर्णयको सत्तारुढ राजनीतिक दल नेकपा एमाले र नेपाली कांग्रेसका नेता र नागरिक समाजले समेत आलोचना गरिरहेका छन् । त्यसअघि पत्रकार महासंघका पूर्वपदाधिकारीले विज्ञप्तिमार्फत पनि विरोध गरेका थिए । विज्ञप्तिमा भनिएको छ, 'दर्ता नभएको बहानामा फेसबुक, एक्स, युट्युबलगायतका सामाजिक सञ्जालमाथि लगाइएको यो प्रतिबन्ध पूर्णरुपमा अस्वीकार्य छ।'

महासंघका पूर्व पदाधिकारीले सामाजिक सञ्जालमा देखिएका समस्या समाधान गर्न संसद्बाट कानुन बनाएर व्यवस्थित नियमनको बाटो अपनाउन सकिने अवस्था हुँदाहुँदै सरकारले यस्तो कठोर र अलोकतान्त्रिक कदम चालेको भन्दै आपत्ति प्रकट गरेका छन् । यो कदमले विदेशमा रहेका नेपाली र उनीहरुको परिवारबीचको सम्पर्क तोडेको र बालबालिकाको सिकाइमा दीर्घकालीन असर पार्ने चिन्ता व्यक्त गरिएको छ । विरोध प्रदर्शनमा सहभागी हुन प्रेस तथा नागरिक स्वतन्त्रताका पक्षधर सबैलाई आग्रह गरिएको छ ।

उनीहरुले सरकारलाई बन्द गरिएका सामाजिक सञ्जाल तत्काल खुला गरी अभिव्यक्ति स्वतन्त्रता र नागरिक अधिकारको सम्मान गर्न जोडदार माग गरेका छन् । सामाजिक सञ्जालको नियमनका लागि सरोकारवाला निकाय तथा विज्ञहरुको सहभागितामा अध्ययन कार्यदल गठन गरी दीर्घकालीन र विधिसम्मत समस्याको समाधान खोज्न पनि सुझाव दिएका छन् ।

# लेखा समितिद्वारा स्थिर सम्पत्ति विवरण उपलब्ध गराउन प्रदेश सरकारलाई निर्देशन

साझाकुरा संवाददाता

हेटौंडा, २२ भदौ/ बागमती प्रदेशसभा अन्तर्गतको सार्वजनिक लेखा समितिले बागमती प्रदेशको स्थिर सम्पत्तिको विवरण तत्काल उपलब्ध गराउन बागमती प्रदेश सरकारलाई निर्देशन दिएको छ ।



समितिले बागमती प्रदेश सरकारका मन्त्रालयहरु र मातहतका कार्यालयहरुको सम्पत्तिको एकीकृत विवरण समग्रमा बागमती प्रदेशको स्थिर सम्पत्ति विवरण यथाशिघ्र पठाउन निर्देशन दिएको हो । सार्वजनिक लेखा समितिका सभापति श्रीराम लामिछानले प्रदेशको स्थिर सम्पत्ति विवरण उपलब्ध गराउन प्रदेशका मन्त्रालय र मातहतका कार्यालयलाऐ निर्देशन दिने निर्णय गरेको जानकारी दिए । सरकारलाई बागमती प्रदेश सरकारको मन्त्रालय र मातहतका सरकारी कार्यालयको भवन निर्माणमा पूर्वाधार विकास मन्त्रालयमार्फत स्वदेशी काठको अनिवार्य प्रयोग एवम् उपलब्ध हुने स्वदेशी सामग्रीको प्रयोग गरी निर्माण गर्न निर्देशन दिने निर्णय गरेको उनले बताए ।

बागमती प्रदेश सरकारका मन्त्रालय तथा मातहतका कार्यालयबाट चालु आर्थिक वर्ष २०८२/८३ मा विनियोजन भएका संस्थालाई दिने चालु अनुदानलाई पारदर्शी बनाउन प्रचलित आर्थिक ऐन र कार्यविधिको अधिनमा रही स्पष्ट कार्यविधि एवम् निर्देशिका बनाएर मात्र कार्यान्वयन गर्न निर्देशन दिने निर्णय समितिको बैठकले गरेको छ । यस्तै चालु आर्थिक वर्ष २०८२/८३ को विनियोजित बजेटमा कार्यक्षेत्र भन्दा बाहिरका विनियोजन गरिएका योजना तथा कार्यक्रमहरु कार्यान्वयन नगर्नसमेत सरकारलाई निर्देशन दिने निर्णय गरिएको छ ।

लेखा समितिले बजेटको समुचित सदुपयोग र भ्रष्टाचार नियन्त्रणका लागि नागरिकसँग सर कारका विकास निर्माणलगायत सन्दर्भमा नागरिकसँग सार्वजनिक रुपमा सुझाव र गुनासा माग गर्ने भएको छ । बैठकले प्रदेश सरकारको बजेटको निर्माणमा देखिएका कमिकमजोरी हटाउन बजेट निर्माण वैज्ञानिक र पारदर्शी बनाउन आवश्यक सहितको प्रतिवेदन बनाउन समिति बनाएको छ । प्रदेशसभा सदस्य युवराज दुलालको संयोजकत्वमा वसन्तप्रसाद मानन्धर र कृष्णप्रसाद सिलवाल रहेको तीन सदस्यीय समिति गठन गर्ने सार्वजनिक लेखा समितिले निर्णय गरेको हो ।



साझाकुरा

## हाम्रो कुरा

# अन्यौलमा धुलोदुध कारखाना

सञ्चालनको मोडालिटी बनाउन नसक्दा धुलोदुध कारखाना परीक्षणमै सीमित भएको छ । प्रदेश दुग्ध विकास बोर्डले सञ्चालनको कार्ययोजना तथा मोडालिटी तय गर्न नसक्दा ४७ करोडको लगानीमा स्थापना भएको कारखाना करिब डेढ वर्षयता परीक्षणकारुपमा मात्रै सञ्चालन हुँदै आएको छ । २०७७ मा निर्माण सुरुभई २०८० मंसिरबाट परीक्षण उत्पादन गरेको उद्योग कार्यविधि नबन्दा आधिकारिकरुपमा सञ्चालन हुन नसकेको हो । कृषि तथा पशुपंक्षी विकास मन्त्रालयअन्तर्गतको प्रदेश दुग्ध विकास बोर्डले उद्योग सञ्चालनको कार्यविधि तयार गर्न सकेको छैन । विगत डेढ वर्षदेखि दुग्ध विकास संस्थान (डिडिसी)ले परीक्षणकारुपमा कारखाना सञ्चालन गर्दै आएको छ । डिडिसीलाई कारखाना सञ्चालन गर्न दिने विषयमा मन्त्रालय र बोर्डले कुनै औपचारिक निर्णय गरेका छैनन् । सामान्य सहमतिका भरमा काम भइरहेको कर्मचारीहरु बताउँछन् । कारखाना सञ्चालनका लागि कार्यविधि निर्माणको काम अन्तिम तयारीमा पुगेको प्रदेश दुग्ध विकास बोर्डको भनाइ छ ।

हाल कारखाना डिडिसीले परीक्षण सञ्चालन गरिरहेको भएपनि कारखानामा केही संरचना थप गरेर प्रतिस्पर्धाका आधारमा विभिन्न संघसंस्थालाई भाडामा दिने प्रदेश दुग्ध विकास बोर्डले बताएको छ । कारखाना सञ्चालन गर्न कसलाई दिने भन्ने विषयमा अझै टुंगो लागिसकेको छैन । प्रतिस्पर्धात्मक आधारमा कारखाना भाडामा दिने हाम्रो तयारी हो । कारखानाको सञ्चालन कार्यविधि नबन्दा सबैतिर आलोचना भएको छ । कारखाना चलाउन चाहने संस्थालाई लिजमा दिनका लागि गतवर्ष अध्ययन भएको थियो तर, स्वार्थ बाझिएपछि काम अगाडि बढेन । विस्तृत कार्ययोजना कार्यविधिबिना हचुवामै निर्माण गरिएको धुलोदूध कारखाना सञ्चालनको अस्थायी जिम्मा दुग्ध विकास संस्थान (डीडीसी)लाई दिएको हो । स्थायीरुपमा सञ्चालनको कार्ययोजना नबनेसम्म डीडीसीले नै प्लान्ट चलाउने गरी साँचो सुम्पिएको हो । दीर्घकालीन सञ्चालनको कार्ययोजना मन्त्रालयले कति समयमा बनाउँछ ? त्यो भने टुंगो छैन । ६ भदौ २०८१ मा प्रदेश दुग्ध विकास बोर्डका अध्यक्षसमेत रहेका कृषि तथा पशुपन्छी विकासमन्त्री प्रकाश श्रेष्ठको अध्यक्षतामा बसेको कारखाना सञ्चालनसम्बन्धी बैठकले डीडीसीलाई सञ्चालन कार्ययोजनासहित प्रस्ताव पेश गर्ने निर्णय गरेको थियो । यो उद्योग संचालन गर्नका लागि पशुपालन गर्ने किसानको प्रत्यक्ष संलग्नता हुनु जरुरी छ । दूध उत्पादनको दृट्रिले आपूर्ति बढी हुने 'फ्लस सिजन' मा किसानले 'मिल्क होलिडे' को सामना गर्न नपर्ने गरी व्यवस्थापन गर्न सक्ने अवस्था आउनु पर्छ । उद्योगको दीर्घकालीन सञ्चालन मोडालिटीबारे मन्त्रालय नै अन्यौलमा छ । जसकारण पाउडर प्लान्ट डीडीसीले सञ्चालन गरिराख्न पनि सक्छ ।

पाउडर प्लान्ट डीडीसीलाई दिने निर्णय मान्न दूध उत्पादक संघसंस्था तयार देखिँदैनन् । डीडीसीले किसानको दूधको भुक्तानी नगरेकाले उद्योगको जिम्मा दिन नहुनेमा दुग्ध सहकारी संघ छ । जिल्ला दूध उत्पादक सहकारी संघ मकवानपुरले डीडीसीलाई स्थायी सञ्चालनको जिम्मा दिन नहुने विषयमा प्रदेश सरकारको ध्यानाकर्षण गराएको छ । सञ्चालनको नीति नबनाई हचुवामा संरचना बनाउने सरकारले यसको जिम्मेवारी लिनुपर्ने किसानको भनाई छ । बागमती प्रदेशको कृषि तथा पशुपन्छी विकास मन्त्रालयले उद्योग सञ्चालनको स्थायी प्रबन्ध नभएसम्मका लागि डीडीसीलाई जिम्मा लगाउने तयारी गरेको हो । डीडीसीले पाउडर प्लान्टको २ वर्षदेखि परीक्षणको रुपमा सञ्चालन गर्दै आएको छ । प्रदेश दुग्ध विकास बोर्डसँग १४ मंसिर र २२ माघ २०८० मा भएको सम्झौताअनुरुप डीडीसीले परीक्षण उत्पादन गरेको हो । तीनवर्ष लगाएर निर्माण गरिएको उद्योगको गतवर्ष परीक्षण गर्दा नै सञ्चालनको अन्तिम तयारी रहेको मन्त्रालयले जनाएको थियो । कुन मोडालिटीमा उद्योग सञ्चालन गर्ने भन्नेमा टुंगो नलाग्दा उद्योग परीक्षणकालमै सीमित बनेको हो ।

## महत्वपूर्ण टेलिफोन नम्बरहरु

| मकवानपुर प्रहरी | | एम्बुलेन्स सेवा | |
|---|---|---|---|
| प्रहरी कन्ट्रोल: | १०० | नेपाल रेडक्रस: | ५२०७११, ९८५५०२८९५२ |
| जिल्ला ट्राफिक: | ५२०५९९ | हेटौंडा अस्पताल: | ५२०३०५ |
| वडा प्रहरी: | ५२०२९९ | परिवार नियोजन संघ: | ५२०७४५,९८४५१०४५०० |
| पशुपतिनगर इलाका: | ५२०५९८ | मनहरी रेडक्रस: | ९८४५१०५८२१ |
| पालुङ इलाका: | ६२०४६७ | छतिवन रेडक्रस: | ९८६१६२२३११ |
| मनहरी इलाका: | ९८५५०९०१६१ | भीमफेदी रेडक्रस: | ६२०६९९ |
| इलाका फापरबारी: | ६२१९८० | पालुङ रेडक्रस: | ९८१४२०७४०१ |
| इलाका भीमफेदी: | ६९१४६२ | बज्रबाराही रेडक्रस: | ९८४५३०२९८४ |
| इलाका ठिंगन: | ९८४५२९९३८१ | सहकारी अस्पताल: | ०५७-५२६५८७, ९८४५६१९११४ |
| चौकीटोल चौकी | ९७४२५५९५०१ | बसामाडी एम्बुलेन्स: | ९८४५२९७५७९ |
| चित्लाङ चौकी: | ६९२००० | बारुण यन्त्र: | १०१ |
| चौघडा चौकी | ९८४४०५४६०४ | बाल हेल्पलाइन नेपाल: | १०९८ |
| नेवारपानी चौकी: | ९७५५०००२९९ | माइती नेपाल: | ५२१०५० |
| फाखेल चौकी: | ९८४५०३१३९८ | अपाङ्ग बाल अस्पताल | ९८४५२९६४४५ |
| पदमपोखरी चौकी: | ९८४५०९९७८९ | | |

सार्वजनिक हितको लागि
साझाकुरा राष्ट्रिय दैनिक

## भोलिको पात्रो

भोलि वि.सं. २०८२ भदौ २४ गते मंगलबार ९ सेप्टेम्बर २०२५ । द्वितीया, आश्विन कृष्णपक्ष । ञलगा ११४५ ने.सं. । सूर्योदय ५:४६ सूर्यास्त ६:१४ ।

## आजको राशिफल

| | | | |
|---|---|---|---|
| **मेष** | : विवाद हुन सक्ने | **तुला** | : व्यापारबाट फाइदा हुनेछ |
| **वृष** | : मनलाई नियन्त्रण गर्नुपर्नेछ | **वृश्चिक** | : मन प्रशन्न हुने देखिन्छ |
| **मिथुन** | : आफन्तको सहयोग मिल्नेछ | **धनु** | : नयाँ काम गर्न जागर आउनेछ |
| **कर्कट** | : यात्राको लागि राम्रो समय छ | **मकर** | : बोल्दा विचार पुऱ्याउनु पर्नेछ |
| **सिंह** | : सोचेजस्तो सहयोग मिल्नेछैन | **कुम्भ** | : पढाइमा सहयोग मिल्नेछ |
| **कन्या** | : समय पूजापाठमा बित्नेछ | **मीन** | : रिसाउने बानीले हानि पुग्नेछ |

# सडकमा पोखिँदै जेनजीको आक्रोश



✍ प्रकाश दुलाल

सामाजिक सञ्जाल टिकटकमा जेन जी पुस्ताको नेपो बेबिज नामको अभियान भाइरल भइरहेको छ । भ्रष्ट नेता र आम नेपाली जनताका छोराछोरीको जीवनशैलीमा रहेको विभेदको तुलना गरेर आन्दोलित हुन अपिल गरिएको छ । अपिलमा २३ भदौ सोमबार बिहान माइतीघरमा हजारौं विध्यार्थीहरूलाई विद्यालय पोशाक र परिचयपत्र सहित उपस्थित हुन भनिएको छ ।

यो अभियानकर्ताहरुले नेताहरू कुनै काम गर्दैनन्, कुनै वैध आय स्रोत देखिँदैन तर बिना आयस्रोत पनि उनीहरूका छोराछोरी बिलासी जीवन बिताइरहेका छन् भन्ने सन्देश प्रवाह गर्न भिडियोसहितका विभिन्न रचनात्मक सामग्री तयार पारेका छन् ।

हो तपाईं कहाँबाट पैसा ल्याउनुहुन्छ भनेर नेताहरूसँग सोध्ने हो भने जवाफ हुन्न । तर उनको जीवनशैली कुनै ठूला व्यापारीको भन्दा कम छैन त्यसैले यो प्रस्ट छ, उनीहरू पैसा लिइरहेका छन्, देश विरोधी वा विचौलीयाहरूसँग । त्यसैले आज देशभरका जनता राजनीतिक दलको होइन बिचौलियाको शासन चलेको छ भनेर नेतृत्वको आलोचना गरिरहेका छन् । यस्तोमा जेन जी पुस्ताको आन्दोलन आशाको झिल्को बनेर आएको छ ।

दलहरू कांग्रस हुन् वा कम्युनिष्ट, प्रजातन्त्रवादी हुन् कि तानाशाही नाम मात्र फरक हुन् चरित्र उस्तै हो । सबै दलका नेता पैसामुखी भैसकेका छन् । चुनाव जितेका हुन् कि हारेका कसरी हुन्छ शक्तिको आडमा कमाउने धन्दामा छन् । देश लुट्न कसिएका छन् ।

तसर्थ यी दलहरूसँग आशा गर्नु बेकार भएकोले अब दलका नाममा होइन विना दलका युवाहरूको आन्दोलन जरुरी भएको छ । दलमा लागेर तिनका शीर्ष नेताविरुद्ध धावा बोल्न संभव छैन भन्ने कुरा अहिले एमाले, कांग्रेस, माओवादीभित्र बोल्ने खोजेकाहरुको दयनीय अवस्था देखेरै प्रष्ट हुन्छ । त्यसैले समाज परिवर्तनको अपेक्षा राख्ने युवा सबैभन्दा पहिले आफू दलीय दासताको मानसिकताबाट मुक्त हुनुपर्छ ।

देशको मुख्यशक्ति युवा विदेशिन बाध्य छ । प्रत्येक दिन विमानस्थलमा युवाको लर्को देखिन्छ । नेपालमा बसेर काम छैन, बसीहाले आफू बाँच्नका लागि विभिन्न दलका कार्यकर्ता बन्न तयार हुनुपर्छ । स्वतन्त्र भएर कुनै काम गर्नसक्ने अवस्था छैन । समाजको अति दलीयकरण भएको छ । त्यसैले अहिले गाउँमा कोही मर्दा लास बोक्ने मलामी युवा पाइँदैनन्, सब विदेशतिर लागि सके, अलिअलि पढेका र नपढेका सबै । अझ धेरै पढेका त झन् नफर्किने मनस्थितिका साथ । अहिले देशको अवस्था हेर्दा यस्तो पहिले गरिबहरू बसाइँ हिंड्थे, अहिले धनीहरू बसाइँ हिँड्दै छन् ।

नेताहरु विकासको मूल फुटाएको दावी गर्छन् । तर, धारा छ, पानी छैन । स्वास्थ्य संस्था छन्, चिकित्सक छैनन् । कर्मचारी छन्, काम गर्दैनन् । विद्यालय छन्, पाठ्यपुस्तक छैनन् । शिक्षक, प्राध्यापक छन्, पढाउँदैनन् । जसो तसो पढेर शिक्षा हासिल गरेका प्रमाणपत्र छन् तर रोजगारी छैन । कहाँ छ त मन बुझाउने ठाउँ युवाका लागि? यसले दिन प्रतिदिन युवामा निराशा बढ्दो छ । राजनीतिक दलमा भएका युवाहरू आफ्नो मनोकांक्षा पूरा गर्न नेताको चाकरीमा लिप्त छन् ।

त्यसैले जेनजी पुस्तामा आफ्ना अग्रजहरू प्रति नै पनि वितृष्णा चुलिँदो छ । आफ्नो विवेकमा भर पर्नुभन्दा पार्टीको झोला भिरेका र नेताको चाकडीमा रमाएकाहरूले देश निर्माणमा कुनै योगदान गर्न सक्दैनन् । त्यसैले जेनजीको आशा टुट्दैछ । नयाँ पुस्तामा राजनीति प्रति पूरै वितृष्णा जागेको छ ।

तर, देश बदल्न चाहने हो भने सक्षम युवापुस्ताले राजनीतिलाई सरापेर मात्र बस्नु हुँदैन । राजनीतिमा हस्तक्षेप गर्ने अदभ्य साहस लिएर वर्तमानलाई बदल्न लाग्नुपर्छ, जुन अहिले जेन जी पुस्ताको नाममा सुरुवात भएको छ । अब भाव र विचारले भरिपूर्ण सक्षम युवा जोस, जाँगर, आँट, साहस र धैर्यतासहित अगाडि आउने बेला भइसकेको छ ।

स्वभाविक रुपमा जेनजी अनुभवको कमी भएको पुस्ता हो । यो पुस्तामा केही गरौं भन्ने हुटहुटी हुन्छ तर त्यसलाई कसरी अवसरमा बदल्ने भन्ने उपाय राज्यले खोज्नुपर्छ । तर, यहाँ त्यस्तो हुन सकेको छैन । युवामा असन्तोष मात्र होइन, जिम्मेवारी पनि हुनुपर्छ । म एक्लै सबैथोक गर्छु भनेर संसार जित्न खोज्ने प्रवृत्ति युवामा पनि छ ।

तर त्यो सम्भव हुँदैन । त्यसले हामीलाई कहीँ पनि पुऱ्याउँदैन । कम्तीमा विशिष्टताका साथ आफ्नो काम गर्ने र बाँकी अरूसँग भर पर्ने बानी युवाले बसाल्नै पर्छ । नत्र सबै म गर्छु भन्ने अनि गर्न चाहिँ केही पनि नसक्ने अवस्था हुन्छ । त्यसैले अब थ्योरी अफ स्पेसलाइजेसनलाई युवाले अँगाल्नै पर्छ । अनि मात्र हुन्छ, मुलुक र युवाको प्रगति ।

एकातिर जीवनको अन्तिम अवस्थामा पुगिसकेको एउटा वृद्ध व्यक्ति थप केही समय पाएँ भने के-के न गर्छु भन्ने आशामा एक मिनेट भए पनि बाँच्ने प्रयास गर्दै अस्पतालमा छट्पटाइरहेको हुन्छ । अर्कोतिर लक्का जवान व्यक्ति जीवनको अर्थ नभेटेर डोरीमा पासो लागेर लौका फलेजस्तो आत्महत्या गरिरहेको छ ।

यो हाम्रो अहिलेको वास्तविकता हो । यस्तै अर्को वास्तविकता भनेको एकातिर टाउको दुखेर ऐया, ऐया भनिरहेको साथीलाई दुई सय रुपैयाँको औषधि किनेर नदिने तर रेस्टुराँमा बिरामी परिने गरी मादक पदार्थ खुवाउन तयार हुने युवाको संख्या पनि अधिक छ ।

यस्तै, एक रुपैयाँ कर तिर्न नमान्ने तर २० रुपैयाँ टिप्स दिँदा पनि थोरै दिएजस्तो ठान्ने । अनि सामाजिक सञ्जालमा अनावश्यक कुराहरू हेर्न समय निकाल्ने तर देशका लागि के गर्ने भनेर तीन मिनेट पनि नसोच्ने प्रवृत्ति युवामा समेत छ । देशका ठूल्ठूला उद्योग बन्द भए भनेर सरकारलाई गाली गर्ने अनि आफैँले केही चलाएर नदेखाउने समस्या पनि छ । फलानो फटाहा हो भनेर अरूको निन्दा गर्न जोस लगाउनुअघि असल काम गर्नेलाई हौसला प्रदान गर्न युवा हिच्किचाउनु हुँदैन । जेनजीले बुझ्नुपर्छ, सडकमा उभिएर आक्रोश पोख्नु मात्र होइन्, सरकारबाटै प्रताडित नागरिकमाझ हामी पनि साथमा छौं भन्ने भरोसा पैदा गर्नु महत्वपूर्ण हुनेछ ।

*(साभार: अनलाइनखबर)*

# नीतिगत अस्पष्टता र प्रविधि कम्पनीको अटेरीपनले निम्त्याएको सन्नाटा

प्रविधि कम्पनीहरुको बेवास्तालाई मात्र सम्पूर्ण दोष नदिऊँ । कमजोरी नेपाल सरकारको त्यस्ता कम्पनीहरुसँग गर्ने संवादको तरिकामा पनि हुनसक्छ । सरकारको निर्णयको पछाडि नियमन गर्ने र राष्ट्रिय कानुनको दायरामा ल्याउने मनसाय सही होला, तर त्यसका लागि अपनाइएको तरिका सुधार्न सकिन्छ ।



✍ कृष्णपक्ष थापा

सरकारले नेपालमा दर्ता नभएका २६ वटा सामाजिक सञ्जाल प्लेटफर्ममाथि प्रतिबन्ध लगाउने निर्णय कार्यान्वयनमा ल्याएपछि अभूतपूर्व डिजिटल शून्यता छाएको छ । यो प्रविधिमाथिको प्रतिबन्ध मात्र होइन, आधुनिक जीवनशैली, अभिव्यक्ति, व्यापार र सम्बन्धको धमनीमा लगाइएको एउटा अनपेक्षित अङ्कुश हो । जसले तरङ्ग मात्र होइन, भुइँचालो नै ल्याइदियो ।यो कुनै प्राविधिक त्रुटि थिएन, एकाएक आकाशबाट खसेको निर्णय पनि थिएन । यसको पृष्ठभूमिमा सरकार, अदालत र प्रविधि कम्पनीहरूबिचको लामो र जटिल संवादहीनताको कथा लुकेको छ । सरकारले 'सामाजिक सञ्जालको प्रयोगलाई व्यवस्थित गर्ने निर्देशिका, २०८०' लाई आधार मान्यो । साथै, सम्मानित सर्वोच्च अदालतको एउटा आदेशले पनि सामाजिक सञ्जालमा फैलिने हानिकारक सामग्रीलाई नियमन गर्न र प्लेटफर्महरूलाई जवाफदेही बनाउन कानुनी प्रबन्ध गर्न भनेको थियो ।

सरकारले यही आदेश, मन्त्रिपरिषद्को निर्णय र सञ्चार तथा सूचना प्रविधि मन्त्रालयको मन्त्रिस्तरीय बैठकको निर्णयलाई आधार बनाएर यो कठोर कदम चालेको देखिन्छ ।

नेपाल टेलिकम, एनसेल र वर्ल्डलिंक जस्ता प्रमुख दूरसञ्चार तथा इन्टरनेट सेवा प्रदायकहरूले बिहीबार र शुक्रबारदेखि सरकारी निर्देशनको पालना गर्दै दर्ता नभएका प्लेटफर्महरुमा पहुँच रोक्न थाले । एनसेलले त आफ्ना प्रयोगकर्तालाई पर्न गएको असुविधाप्रति क्षमा नै माग्यो । यो घटनाले एकाएक नेपाली समाजलाई दुई ध्रुवमा बाँडिदियो–एकातिर नियमन र राष्ट्रिय सार्वभौमसत्ताको वकालत गर्नेहरू, अर्कोतिर अभिव्यक्ति स्वतन्त्रता र डिजिटल अधिकारको दुहाई दिनेहरू ।

तर यो कथाको केन्द्रमा थिए ती विश्वव्यापी ठ'ला प्रविधि कम्पनीहरू, जसको मौनता र अटेरीपनले लाखौं प्रयोगकर्ताको आवाजलाई बन्धक बनाइदियो ।

### दर्ता, कर र नियमनको त्रिकोणात्मक लडाइँ

सरकारको यो कदमको चुरोमा तीन विषय जेलिएका छन् दर्ता, कर र नियमन । सरकारले आर्थिक वर्ष २०८०/८१ देखि नै सामाजिक सञ्जालहरू नेपालमा सञ्चालन हुनका लागि दर्ता हुनुपर्ने र करको दायरामा आउनुपर्ने व्यवस्था गरेको थियो ।

'डिजिटल सर्भिस ट्याक्स' को अवधारणा ल्याइयो, जसअनुसार विद्युतीय कारोबारबाट हुने आयमा दुई प्रतिशत कर लाग्ने व्यवस्था गरियो । यो नीतिको उद्देश्य स्पष्ट थियो, नेपालको डिजिटल बजारबाट अर्बौं कमाउने तर राज्यलाई कुनै राजस्व नतिर्ने वा नाम मात्रको राजस्व तिर्ने अन्तर्राष्ट्रिय कम्पनीहरूलाई स्पष्ट करको दायरामा ल्याउनु ।

अनौठो कुरा के छ भने सरकारले निष्क्रिय पार्न खोजेका अधिकांश ठुला कम्पनीहरूले कर त तिरिरहेका नै थिए । आन्तरिक राजस्व विभागको तथ्याङ्क अनुसार, मेटा (फेसबुकको मातृ कम्पनी), लिंक्डइन, गुगल, अमेजन, एप्पल र नेटफ्लिक्सजस्ता २० अन्तर्राष्ट्रिय कम्पनीहरू ठुला करदाता कार्यालयमा दर्ता भई नियमित कर बुझाउँदै आएका थिए । यी कम्पनीहरूले गत आर्थिक वर्ष २०८१/८२ मा मात्रै ५० करोडभन्दा बढी कर तिरेको रेकर्ड छ । विभागले उनीहरूलाई अनलाइनबाटै दर्ता हुने र कर तिर्ने सुविधा समेत दिएको थियो ।

यहाँनिर सरकारी निकायहरूबिच नै समन्वयको अभाव देखिन्छ । एकातिर एउटा निकाय (आन्तरिक राजस्व विभाग) मा दर्ता भएर कर तिरिरहेका कम्पनीहरूलाई अर्को निकाय (सञ्चार तथा सूचना प्रविधि मन्त्रालय) ले पुन: अर्कै प्रक्रियामा दर्ता हुन आउन उर्दी जारी गऱ्यो । सञ्चार मन्त्रालयको तर्क थियो, कर तिर्नु मात्र पर्याप्त छैन, 'सामाजिक सञ्जालको प्रयोगलाई व्यवस्थित गर्ने निर्देशिका, २०८०' बमोजिम सूचीकरण हुनैपर्छ ।

मन्त्रालयका अनुसार टिकटक, भाइबर, निम्बज, वीटक र ओपोलाइभ (पोपोलाइभ) जस्ता पाँच प्लेटफर्म मात्र सूचीकृत भएका थिए । यो नीतिगत द्वन्द्व र अस्पष्टताले प्रविधि कम्पनीहरूलाई अलमलमा पाऱ्यो र अन्तत: सरकारलाई प्रतिबन्धजस्तो कठोर निर्णय लिन बाध्य बनायो ।

### अभिव्यक्तिको स्वतन्त्रतामाथि सङ्कुचन र साइबर असुरक्षा

सामाजिक सञ्जाल आज केवल मनोरञ्जनका साधन मात्र होइनन् । ती नागरिकका आवाज मुखरित गर्ने मञ्च हुन्, सार्वजनिक बहसका खुला चौतारी हुन् र सरकारलाई जवाफदेही बनाउने शक्तिशाली औजार पनि हुन् । जब सरकारले एकै पटक २६ वटा प्लेटफर्म बन्द गर्ने निर्णय गऱ्यो, त्यसले अभिव्यक्ति स्वतन्त्रताको घाँटी निमोठेको आरोप धेरैले लगाए ।

नेपाल पत्रकार महासैले यसलाई 'अपरिपक्व' र 'अस्वाभाविक' निर्णय भन्दै तुरुन्तै सच्याउन माग गऱ्यो । यो प्रतिबन्धले आम नागरिकको सूचनाको अधिकारलाई ठाडै सङ्कुचित गऱ्यो । सामाजिक मुद्दामा बहस गर्ने, राजनीतिक विचार राख्ने, कला र सिर्जना प्रस्तुत गर्ने वा केवल आफ्ना प्रियजनसँग जोडिने माध्यम खोसिँदा डिजिटल युगमा हुर्किएको एउटा पूरै पुस्ता अत्तालियो ।

अर्को पक्ष भनेको विदेशमा रहेका लाखौं नेपाली श्रमिकहरू, जसका लागि फेसबुक मेसेन्जर र ह्वाट्सएप नै परिवारसँग जोडिने सबैभन्दा सस्तो र सुलभ माध्यम थियो, उनीहरूको घरसँगको सम्बन्धको डोरी नै चुँडिएजस्तो भयो । यो प्रतिबन्धले उनीहरूलाई परिवार, समाज र संस्कृतिबाट भावनात्मक रूपमा टाढा धकेल्ने जोखिम बढायो ।

यसले व्यक्तिगत अभिव्यक्तिमा मात्र होइन, डिजिटल अर्थतन्त्र र उद्यमशीलतामा समेत गहिरो असर पाऱ्यो । हजारौं साना तथा मध्यम व्यवसायीहरू, जसले फेसबुक र इन्स्टाग्रामलाई आफ्नो व्यापारको 'सो-रुम' र 'मार्केटिङ हब' बनाएका थिए, उनीहरूको रोजीरोटीमाथि नै प्रहार भयो । सामाजिक सञ्जालमार्फत आफ्नो उत्पादन बेच्ने, ब्रान्डिङ गर्ने र ग्राहकसँग सिधा सम्पर्क स्थापित गर्ने एउटा सिङ्गो 'गिग इकोनोमी' नै धरासायी हुने खतरा उत्पन्न भयो । यो केवल 'लाइक' र 'सेयरर' को संसार बन्द हुनु थिएन, यो त डिजिटल बजारको ढोका नै बन्द हुनु जत्तिकै हो ।

सरकारले नियमनको नाममा सामाजिक सञ्जाल बन्द गर्दा त्यसले अर्को विकराल समस्याको ढोका खोलिदियो- साइबर असुरक्षा । जब वैध ढोकाहरू बन्द हुन्छन्, मानिसहरू अवैध चोर बाटो खोज्न थाल्छन् । नेपालमा पनि त्यही भयो । सामाजिक सञ्जालमा पहुँचका लागि भीपीएनको प्रयोग ह्वात्तै बढ्ने निश्चित भयो ।

साइबर चेतनास्तर तुलनात्मक रूपमा कम भएको हाम्रोजस्तो मुलुकमा आम प्रयोगकर्ताले सित्तैमा पाइने अविश्वसनीय भीपीएन प्रयोग गर्दा उनीहरूको व्यक्तिगत डाटा, पासवर्ड र वित्तीय जानकारी चोरी हुने जोखिम निकै बढ्छ । भीपीएनको प्रयोगले प्रयोगकर्ताको पहिचान र अवस्थिति लुकाउने भएकाले यसले साइबर अपराधको अनुसन्धानलाई झनै जटिल बनाइदिन्छ । सरकारले जुन 'हानिकारक सामग्री' रोक्न यो कदम चालेको थियो, भीपीएन प्रयोगले त्यस्ता सामग्रीको प्रसारलाई झनै अनियन्त्रित र अनुसन्धानको पहुँचभन्दा बाहिर पुऱ्याइदिन्छ । यसरी नियमन गर्ने प्रयासले उल्टै अराजकता र जोखिम निम्त्याउने एउटा दुष्चक्रको सुरुवात भएको छ ।

### कम्पनीहरुको मौनता, नाफाकेन्द्रित अटेरीपन

यो सम्पूर्ण प्रकरणको केन्द्रमा छन् विश्वव्यापी प्रविधि कम्पनीहरू । खासगरी तीन भीमकाय विश्वव्यापी सञ्जालहरू मेटा, गुगल र एक्स (ट्विटर) । उनीहरूले नेपालजस्तो सानो बजारलाई कहिल्यै गम्भीरतापूर्वक लिएनन् । सरकारले पटक-पटक दर्ता प्रक्रियामा आउन आग्रह गर्दा उनीहरूले त्यसलाई बेवास्ता गरे । बन्दको निर्णय आइसकेपछि मेटाले दर्ताका लागि आवश्यक कागजात इमेलमार्फत मागेको हल्ला चले पनि त्यसलाई मन्त्रालयले आधिकारिक मान्ने कुरा भएन । उनीहरूको यो ढिलासुस्तीले के देखाउँछ भने उनीहरूका लागि नाफा सर्वोपरी हो, तर स्थानीय कानुन र नियमनको पालना प्राथमिकता होइन ।

यी कम्पनीहरूले आफ्नो प्लेटफर्मलाई अभिव्यक्ति स्वतन्त्रताको पर्यायका रूपमा प्रस्तुत गर्छन्, तर त्यही स्वतन्त्रतालाई दिगो बनाउन स्थानीय सरकारसँग सहकार्य गर्नुपर्नेबेलामा पछि हट्छन् । उनीहरूको यो दोहोरो चरित्र नै आजको समस्याको जड हो । यदि यी कम्पनीहरूले समयमै सरकारसँग संवाद गरी दर्ता प्रक्रिया पूरा गरि दिएको भए, आज लाखौं नेपाली प्रयोगकर्ताले आफ्नो डिजिटल अधिकार गुमाउनुपर्ने थिएन । उनीहरूको अटेरीपन र नाफाकेन्द्रित सोचको मूल्य अन्तत: आम प्रयोगकर्ताले चुकाउनुपरेको छ ।

तर प्रविधि कम्पनीहरूको बेवास्तालाई मात्र सम्पूर्ण दोष नदिऊँ । कमजोरी नेपाल सरकारको त्यस्ता कम्पनीहरूसँग गर्ने संवादको तरिकामा पनि हुनसक्छ । सरकारको निर्णयको पछाडि नियमन गर्ने र राष्ट्रिय कानुनको दायरामा ल्याउने मनसाय सही होला, तर त्यसका लागि अपनाइएको तरिका सुधार्न सकिन्छ । आजको युगमा सामाजिक सञ्जालमा फैलिने विकृति रोक्न सिङ्गै माध्यम बन्द गर्नु भनेको आत्मघाती उपाय हो । यसले अभिव्यक्ति स्वतन्त्रता, आर्थिक अवसर र नागरिक सम्बन्धमाथि गम्भीर आघात पुऱ्याएको छ ।

अबको बाटो भनेको प्रतिबन्धको होइन, विवेकपूर्ण संवादको हो । सरकारले यस्ता खालको निर्णयमा पुनर्विचार गर्नुपर्छ । सामाजिक सञ्जालसम्बन्धी कानुन, जुन राष्ट्रियसभामा विचाराधीन छ, त्यसलाई छिटोभन्दा छिटो टुङ्गोमा पुऱ्याउनुपर्छ । एउटा सन्तुलित र स्पष्ट कानुनी व्यवस्थाले मात्र प्रविधि कम्पनीहरूलाई जवाफदेही बनाउन सक्छ ।

अर्कोतर्फ, मेटा, गुगलजस्ता प्रविधि कम्पनीहरूले पनि आफ्नो अहङ्कार त्यागेर नेपालजस्ता देशका स्थानीय कानुन र संवेदनशीलताको सम्मान गर्न सिक्नुपर्छ । उनीहरूले तुरुन्तै दर्ता प्रक्रियामा आएर सरकारसँग सहकार्यको हात बढाउनुपर्छ । उनीहरूले बुझ्नुपर्छ कि उनीहरूको व्यापार केवल कोड र एल्गोरिदममा होइन, करोडौं प्रयोगकर्ताको विश्वास र भावनामा टिकेको हुन्छ ।

यो सङ्कटले हामी सबैलाई एउटा महत्त्वपूर्ण पाठ सिकाएको छ । डिजिटल युगमा अभिव्यक्ति स्वतन्त्रतालाई सुरक्षित राख्न सरकार, प्रविधि कम्पनी र नागरिक समाजबिच निरन्तर संवाद, सहकार्य र सन्तुलन अपरिहार्य छ । प्रतिबन्ध र निषेधको अँध्यारो सुरुङबाट बाहिर निस्केर विवेकपूर्ण नीतिको उज्यालो बाटोमा हिँड्नु नै आजको आवश्यकता हो । जबसम्म यो सन्तुलन भेटिँदैन, तबसम्म नेपाली डिजिटल आकाशमा यस्ता सन्नाटाहरू भोलिका दिनहरूमा पनि दोहोरिनेछन् र लाखौं आवाजहरू कि त मौन बस्न बाध्य हुनेछन्, कि भीपीएनजस्ता अवैध र असुरक्षित चोरगल्लीहरूमा भौंतारिन विवश हुनेछन् ।

*(साभार: रातोपाटी)*

# सत्ताको मनोमानीविरुद्ध जेनजीको प्रतिवाद

काठमाडौं/'दी फाइनल रिभोलुसन- वी आर पञ्चिङ अप,' ८ सेप्टेम्बरको मिति तोकेर जेनजी अर्थात् नयाँ पुस्ताले माइतीघर मण्डला र संसद् भवन अगाडि आन्दोलन छेड्ने घोषणा गरेको छ । केही दिनयता सामाजिक सञ्जाल बन्द भएसँगै नयाँ पुस्ताले यो आन्दोलनको नेतृत्व लिने घोषणा गरेको हो ।

उनीहरूले सोमबार माइतीघर मण्डलामा भेला हुने तयारी गरेका छन् । यसको नेतृत्व कसले गर्छ, थाहा छैन । कसले सम्हाल्छ थाहा छैन । तर, उद्देश्य छ सत्ताको मनोमानीविरुद्ध 'जेनजी विद्रोह' । टिकटकदेखि सबैतिर अहिले यो ट्रेण्ड चलेको देखिन्छ । चाहे नेताका छोराछोरीका बिलासिता सार्वजनिक गर्ने 'नेपो बेबी ट्रेण्ड' होस् या सडक आन्दोलन, जेनजीहरुले घोषणा गरिसकेका छन्, यो भ्रष्टाचार, बेथिति र अनियमितता विरुद्ध नयाँ संघर्ष हुनेछ ।


यो आफैँमा कति लामो जान्छ वा सामाजिक सञ्जालमा हल्ला भएजस्तो प्रभाव पार्छ/पार्दैन समयले देखाउला । तर, सामाजिक सञ्जाल बन्द भएको यो अवस्थामा सञ्जालबाटै घोषणा भएका यी आन्दोलनलाई सकारात्मक रुपमा हेर्नुपर्ने टिप्पणी अत्यधिक आइरहेका छन् । पुराना पुस्ताका नागरिकले पनि जेनजीको यो आन्दोलनलाई साथ दिने भन्दै समर्थन जनाइरहेका छन् ।

अधिकांशले भनिरहेका छन्- यो आन्दोलन के हुन्छ भन्ने कुराले नेपालमा नयाँ पुस्ताको राजनीतिक चेतनाको स्तरलाई मापन गर्नेछ । यदि युवाहरू साच्चै ठूलो संख्यामा सडकमा उत्रिए भने यसले केवल सरकारलाई मात्र होइन, पूरै राजनीतिक संस्कृतिलाई चुनौती दिनसक्छ ।

यी सबै परिदृश्य हेरिर हँदा नेपाल फेरि युवाले उठाएको नयाँ आन्दोलनको तयारीमा रहेको बुझाइ पनि कतिपयको छ । सामाजिक सञ्जालमार्फत सुरु भएको आवाजले सेप्टेम्बर ८ मा काठमाडौंको माइतीघर, पोखराको सभागृह हलदेखि देशका विभिन्न स्थानमा प्रदर्शन गर्ने घोषणा गरिएको छ ।

सामाजिक सञ्जाल फेसबुकमा सक्रिय समूह 'एमआरआर' लगायतमा पनि इनरुवा, धरानजस्ता सहरमा पनि जेनजीले आन्दोलन छेड्ने घोषणा गरिएका छन् । यसमा अधिकांशको समर्थन देखिन्छ । न कुनै राजनीतिक दल, न कुनै संगठनको झण्डा । स्वतस्फूर्त उठिरहेको यो आन्दोलनले 'वेक अप युथ, वेक अप जेनजीज्' लगायतका नारा लिएको छ । यही आवाज लिएर सडकमा उत्रने भएको छ ।

पछिल्ला आक्रोशलाई




हेर्दा विशेषगरी सामाजिक सञ्जाल बन्द गर्ने सरकारी निर्णय र बढ्दो भ्रष्टाचारलाई लिएर उनीहरू असन्तुष्ट देखिन्छन् ।

कतिपय भने नेतृत्व विनाको आन्दोलन नेपालमा सम्भव नभएको बताउँछन् । 'नेतृत्वविना आन्दोलन हुँदा धेरै समस्या आउनसक्छ, त्यसैले यो आन्दोलनलाई सफल बनाउन नेतृत्व चाहिन्छ,' टिकटक प्रयोगकर्ता मिरज ढुंगानाले भनेका छन्, 'त्यसैले यो प्रोटेस्ट हाइज्याक हुने जोखिम देखिन्छ, जसबारे हामी सचेत हुनुपर्छ । यदि यिनै पार्टीले हामी यो मुमेन्ट लिड गर्छौं भनेर आए भने त्यो दिनुहुँदैन ।'

यो आन्दोनमा स्टार्टअप उद्यमीहरुले पनि उत्तिकै साथ दिइरहेका छन् । राइड सेयरिङ प्ल्याटफर्म पठाओका संस्थापक सीईओ असिममान सिंहले पनि टिकटकमा आह्वान गरेका छन्, '८४ सम्मको लागि कुर्ने हैन परिवर्तनको लागि । डिजिटल उपस्थिति जति महत्वपूर्ण छ, भौतिक उपस्थिति आवश्यक छ । त्यसैले म आफैं सोमबार आन्दोलनमा आउँछु । तपाईंहरुलाई पनि आउन आह्वान गर्छु ।'

सामाजिक सञ्जाल फेसबुक, इन्स्टाग्राम लगायतका 'स्टोरिज'मा पनि यो अभियानले व्यापकता पाएको छ । त्यसमा एउटा पोस्ट राखिएको छ, जसमा सबैलाई रिपोस्ट गर्न अनुरोध गरिएको छ । यसरी पोस्ट गरिएका स्टोरीमा जाँदा 'एड योर्स' भन्ने बटन देखिन्छ । त्यसमा थिचेपछि आफ्नो फेसबुक स्टोरीमा पनि सोही कुरा पोस्ट हुन्छ ।

उक्त पोस्टमा लेखिएको छ, 'अभिव्यक्ति स्वतन्त्रताको जति नै गफ दिएपनि नेताहरु हाम्रो आवाज दबाउन चाहन्छन् । हुँदाहुँदा अहिले आएर सामाजिक सञ्जाल नै बन्द गरिदिए । कस्तो लाजमर्दो । अब हामी चुप बस्दैनौं- इनफ इज इनफ ।'

यसरी स्वतस्फुर्त रुपमा सामाजिक सञ्जालबाट उठेको यो अभियानबारे लेखक सरिता तिवारी सामाजिक सञ्जालमा लेखिछन्, 'भोलि काठमाडौं लगायत देशैभर युवाहरूले गर्ने भ्रष्टाचार विरुद्धको प्रदर्शन राजनीतिलाई कमाउ धन्दा बनाउने नेतृत्व, कर्मचारीतन्त्र र सबै क्षेत्रमा व्याप्त भ्रष्टाचारको सञ्जाललाई चुनौती दिनेगरी बलियो बनोस् । अगाडि यो अभियानका अरु कार्यक्रम पनि तय होउन् ।'

### नेपो बेबी ट्रेण्ड

यो आन्दोलनको जरो सामाजिक सञ्जाल टिकटक भित्र देखिएको ट्रेन्डसँग जोडिएको छ । फिलिपिन्स र इन्डोनेसियाबाट सुरु भएको यो ट्रेन्ड नेपालमा समेत फैलिएको हो । यसमा नेताका छोराछोरीले प्रदर्शन गर्ने ऐसआरामको जीवनशैली- महँगा ब्रान्डका कपडा, विदेश यात्रा र विलासी सामानलाई साधारण नेपाली युवाको आर्थिक संघर्षसँग तुलना गरिएको छ ।

यी भिडियोहरूले राजनीतिक परिवार र सर्वसाधारणबीचको गहिरो खाडल देखाइदिएपछि युवाहरू अझै आक्रोशित भएका हुन् । यसलाई 'नेपो बेबी' ट्रेण्ड नाम दिइएको छ, जसमा विभिन्न धुन र भावनात्मक रुपमा उत्तेजित गराउने संगीत राख्दै नेताका छोराछोरीको विलाशितालाई देखाइएको छ । उनीहरुको विलाशितासँगै जनताका छोराछोरीको अवस्थालाई पनि देखाइन्छ ।

सामाजिक सञ्जाल टिकटकसँगै रेडिटमा पनि यो ट्रेण्ड बढ्दो छ । यसमा ह्यासट्याग 'नो मोर करप्सन, वेक अप च्यालेन्ज' जस्ता अभियान चलाइएको छ । नेताका छोरीछोरीको विदेश शयर, विलासी सामान प्रयोगदेखि अन्य ऐसआराम देखाइँदा नागरिकका छोराछोरी विदेशिइरहेको, काठका बाकसमा लास भित्रिएको, अनि गाउँघरमा दु:ख पाएका दृश्य देखाइएको छ ।

'हाम्रो कर कहाँ जान्छ ?' भन्दै सत्तालाई प्रश्न गरिएको छ । संसद् भवनभित्र सांसद उभिएका दृश्य राखेर 'द स्ट्याण्डअप कमेडी सर्कस' भन्दै हालिएको छ ।

सामाजिक सञ्जाल हेर्दा यसमा विशेषगरी टार्गेटमा देखिन्छन्- प्रधानमन्त्री केपी शर्मा ओली, नेपाली कांग्रेस सभापति शेरबहादुर देउवा, माओवादी अध्यक्ष पुष्पकमल दाहाल प्रचण्ड, पूर्वराष्ट्रपति विद्यादेवी भण्डारी, डा. बाबुराम भट्टराई र उनीहरुका सन्तान । प्रचण्डकी नातिनी स्मिता दाहाल, देउवापुत्र जयवीर देउवा लगातका तस्वीर पनि सार्वजनिक भएका छन् ।

यसबाहेक मिस नेपाल श्रृखंला खतिवडा पनि सामाजिक सञ्जाल प्रयोगकर्ताको निशानामा देखिन्छिन् । भलै उनको पक्षमा समेत कतिपयले आवाज उठाएका छन् । श्रृंखला एकीकृत समाजवादीका नेता विरोध खतिवडाकी छोरी हुन् ।

नेपालसम्म यसरी यो अभियान आउनुमा फिलिपिन्स र इन्डोनेसियामा चलेको यस्तै अभियानलाई कारण मान्न सकिन्छ । lifestylecheckPH नामक सब-रेडिटमा त्यहाँका जेनजीहरुले फिलिपिन्समा आफ्ना नेताहरुको विलासितालाई सार्वजनिक गरेका छन् । यसबाहेक अन्य सामाजिक सञ्जाल प्ल्याटफर्ममा पनि यसबारे प्रशस्त भिडियो देख्न पाइन्छ ।

फिलिपिन्समा बाढी नियन्त्रणका आयोजनामा भएको भनिएको अनियमितताबारे सार्वजनिक छानबिन तीव्र छ । त्यसले पनि त्यहाँ रेडिटजस्ता सामाजिक सञ्जालको प्रयोग गरेर ठेकेदार र सरकारी अधिकारीका सन्तानको विलासी जीवनशैली सार्वजनिक गरेका हुन् ।

त्यस्तै, इन्डोनेसियाका पूर्वराष्ट्रपति राष्ट्रपति जोको विडोडो (जोकोवी) का छोरा गिब्रान राखाबुमिङ राका उपराष्ट्रपति पदका उम्मेदवार बनेपछि उत्पन्न विवादले त्यहाँ उग्र रुप लियो । शक्तिको आधारमा उदाएको भन्दै आलोचना बढ्यो र सुरु भयो- नेपो बेबी ट्रेण्ड ।

जुन लहरो नेपालसम्मै तानिएको देख्न सकिन्छ । यही लहरोले आक्रोशित बनेका युवामा घिउ थपिदियो, सरकारले गरेको सामाजिक सञ्जाल बन्दको निर्णयले । फलस्वरुप अब सडक संघर्षमै उत्रने संकेत नयाँ पुस्ता अर्थात् जेनजीहरुले दिएका छन् ।

यस्ता अभियानलाई सामान्यीकरण गर्दै आएका अन्य टिप्पणीमा पनि आक्रोशित सुनिन्छन्, जेनजी । 'सामाजिक सञ्जालको नाटक हो, दुईदिनको चुरीफुरी हो, केही हुँदैन यस्ताले रे,' रेडिट प्रयोगकर्ता u/Scared_Bat295 ले सब-रेडिट r/NepalSocial मा लामो पोस्ट लेखेका छन्, 'मेरो हातमा फोन छ, सकेको गर्छु । आन्दोलनमा पनि जान्छु । अरुलाई जनचेतना पनि भिडियो बनाएर फैलाउछु । कम्तिमा मान्छे अवेर त हुनथालेका छन् । तिमीहरु डिमोटिभेट गर्न खोज्नेहरु मुख थुनेर बस टाउको समातेर ।'

### सडकमा पोखिँदैछ भर्चुअल आवाज

जेनजीहरुले सुरु गरेको यो आन्दोलन विशेष र महत्वपूर्ण रहेको टिप्पणी सामाजिक सञ्जालतिर देखिन्छ । लेखक सुधीर शर्मा यो बाढीले ०८४ सालसम्ममा (र, सायद अहिल्यै पनि) धेरैलाई बगाउनसक्ने चेतावनी दिन्छन् ।

'हाम्रो राजनीतिक वर्गले जेनजीलगायत नयाँ पुस्ताको भाव, भंगिमा र भाषामात्र हैन, उनीहरुको आकांक्षा र सपनालाई पनि बुझ्न सकिरहेको थिएन । त्यसैले उनीहरुबीच दूरि क्रमश: बढिरहेको थियो,' सामाजिक सञ्जाल बन्दको कारण यस्तो भएको बताउँदै शर्माले लेखेका छन्, 'अब भर्चुअल आवज ढिलोचाँडो सडकमा र अन्यत्र पोखिने सम्भावना छ ।'

समाजशास्त्रका अध्येता दिपेश घिमिरे पनि नयाँ पुस्तामा देखिएको आन्दोलनप्रतिको चासो आफैँमा विशेष रहेको बताउँछन् । जीवनमा पहिलोपटक जेनजीहरु नयाँ तरिकाको आन्दोलन लिएर सञ्जालबाट सडकमा आउनुलाई गम्भीरताका साथ हेरिनुपर्ने उनको तर्क छ ।


घिमिरे भन्छन्, 'जेनजीले भ्रष्टाचार र असमानताको मुद्दालाई नयाँ तरिकाले उठाएका छन् । हाम्रो पुस्ताले सम्पत्ति छानबिन वा राष्ट्रियकरणको कुरा गर्थ्यो, तर उनीहरूले नेताका सन्तानको जीवनशैलीसँग जनताको दैनिकीलाई तुलना गरेर असमानताको जरो देखाए । कसरी आममानिसलाई यी कुरा बुझाउने भनिरहेको अन्यौलतामा नयाँ पुस्ताको यो तरिका एकदम राम्रो र क्रियटिभ छ ।'

सामाजिक मुद्दामा जेनजीको यो चासो र सक्रियता अर्को बलियो पक्ष रहेको घिमिरेले बताए । 'उनीहरूले सामाजिक सञ्जालमा व्यक्त असन्तुष्टिलाई एकीकृत गरेर सडकमा ल्याउने भन्दै छन् । यो सत्ताको कार्यशैलीविरुद्ध बिगुल हो । यसलाई नयाँ पुस्ताको नयाँ पञ्चको रुपमा हेर्न सकिन्छ,' उनले भने ।

*(स्रोत: अनलाइनखबर)*

# 'जेनजी विद्रोह'लाई कलाकारहरुको समर्थन, अनमोल भन्छन्, 'हामी चुप लागेर बस्दैनौं'



काठमाडौं/भ्रष्टाचार, असमानता, सत्ताको दुरुपयोग र सामाजिक सञ्जाल बन्दको विरुद्धमा जेनजी पुस्ताले सोमबार (२३ भदौ)का लागि आह्वान गरेको आन्दोलनलाई कलाकारहरुले पनि समर्थन जनाउन थालेका छन् । काठमाडौंस्थित माइतीघर मण्डलामा हुन लागेको आन्दोलनलाई कलाकारहरूले समर्थन र ऐक्यबद्धता जनाउँदै त्यससम्बन्धी पोस्टहरु सामाजिक सञ्जालमा सेअर गरिरहेका छन् ।

अभिनेता अनमोल केसीले फेसबुकमा 'स्टुडेन्ट एन्ड जेनजी अगेन्स्ट करप्सन' लेखिएको एउटा पोस्टर सेअर गर्दै लेखेका छन्, 'हामी नेपाली नागरिकहरू चुप लागेर बस्दैनौं । सामाजिक सञ्जाल रोकेर सिर्जनशीलता, स्वतन्त्र अभिव्यक्ति र हाम्रो आवाजलाई दबाउन खोजिन्छ भने हामी अझ ठूलो आवाजमा उठ्छौं । हाम्रो अधिकार कोही रोक्न सक्दैन । हाम्रो आवाज दबिँदैन ।'

अनमोलले जेनजीलाई आवाज उठाउने पुस्ता भन्दै भोलिको भेलालाई जेनजीको भविष्यसँग जोडेर अर्थ्याएका छन् । उनले कुनै पनि आन्दोलनलाई समर्थन जनाएको यो पहिलो पटक हो । अनमोलको अभिव्यक्तिले देशको वर्तमान अवस्थाप्रति उनको असन्तुष्टिलाई प्रष्ट झल्काएको छ । उनी आन्दोलनमा सहभागी हुने वा नहुनेबारे भने जानकारी प्राप्त छैन ।

अभिनेत्री वर्षा सिवाकोटीले पनि आन्दोलनको पोस्टर फेसबुकमा सेअर गर्दै 'साङ्लो तोड्नुस्, दाग हटाउनुस्' भनेर उल्लेख गरेकी छन् । अर्की अभिनेत्री नीति शाहले 'जेनजी विद्रोह'लाई समर्थन जनाउँदै इन्स्टाग्राम स्टोरीमा एक पोस्ट सेअर गरेकी छन् । अभिनेत्री दिव्या रायमाझीले पनि अब चुप लागेर नबस्ने भन्दै 'जेनजी विद्रोह'लाई परिवर्तनको दिशामा एउटा महत्त्वपूर्ण कदम भनेकी छन् ।

त्यस्तै, र्‍यापर तथा काठमाडौं महानगरपालिका मेयर बालेन शाह, अभिनेता पल शाह, निर्देशक निश्चल बस्नेत, अभिनेत्रीहरु आँचल शर्मा, ऋचा शर्मा, गायकहरु सञ्जय श्रेष्ठ, शिव परिवार, एकदेव लिम्बू, गायिका रचना रिमाल, कमेडियन सुजता श्रेष्ठ, कथावाचक तथा अभिनेता साइग्रेस पोखरेल लगायतले पनि जेनजी पुस्ताको आन्दोलनलाई समर्थन जनाएका छन् ।

# 'अभिमन्यु' मेरो वर्षौंदेखिको परीक्षाको फल हो: कामेश्वर चौरासिया

काठमाडौं/अभिनयमा राम्रो क्षमता भएर पनि करिअरमा अपेक्षित उडान भर्न नसकेका कलाकार हुन्, कामेश्वर चौरासिया । 'रेशम फिलिली' होस् वा 'रज्जारानी', चाहे 'फेरि रेशम फिलिली' वा 'फाटेको जुत्ता' नै किन नहोस्, हरेकमा उनको जीवन्त अभिनयमा देख्न पाइन्छ । तर, यी सबैमा उनी सहायक भूमिकामा सीमित थिए । पहिलोपटक उनी फिल्म 'अभिमन्यु'मा मुख्य भूमिकामा प्रस्तुत भएका छन् ।



तराईको कथा र तराईकै सेटअपमा बनेको यो फिल्ममा कामेश्वर मधेशी पात्रको भूमिकामा देखिएका छन् । उनी आफैं पनि तराई मुलका हुन् । यसैले उनी 'अभिमन्यु'मा निभाएको भूमिकालाई आफ्नो वर्षौंदेखिको परीक्षाको फल मान्छन् । उनी भन्छन्, 'मैले कुरेर बसेको नै यसैका लागि थियो । यो अवसर कुनै दिन आउँछ भन्नेमै थिएँ । मेरो यत्रो वर्षदेखिको परीक्षाको फल 'अभिमन्यु' हो ।'

महाभारतमा अभिमन्युलाई वीर पात्र मानिन्छ । फिल्ममा अभिमन्युको भूमिकामा रहेका कामेश्वरको पात्र पनि त्यस्तै बहादुर छ त ? पत्रकारको प्रश्नमा उनी भन्छन्, 'महाभारतमा अभिमन्यु वीर पात्र नै हो । फिल्ममा चाहिँ अभिमन्यु वीर पुरुष होइन । ऊ सामान्य मानिस हो । तर, पछि ऊ यस्तो ठाउँमा आइपुग्छ कि त्योबेला उसलाई म अभिमन्युकै रूपमा दोहोरि एछु भन्ने चाहिँ महसुस हुन्छ ।'

'रेशम फिलिली'बाट कमेडी कलाकारको रूपमा चिनिएका कामेश्वरले 'अभिमन्यु'मा भने गम्भीर भूमिका निभाएका छन्, जुन ट्रेलर हेर्दा पनि प्रष्ट हुन्छ । यसमा उनको पात्र अपहरणमा संलग्न छ । उनी यो फिल्ममार्फत आफूले फरक विधामा पनि अभिनय गर्न सक्छु भन्ने देखाउने अवसर पाएको बताउँछन् । यसैले उनले 'अभिमन्यु'लाई आफ्नो करिअरको नयाँ घुम्तीको रुपमा लिएका छन् ।

कामेश्वर भन्छन्, 'म खासमा कलाकार बन्न आएको थिएँ, नजानिँदो पाराले कमेडियन भएछु । तर, म कमेडीमा पनि राम्रो रहेछु भन्ने चाहिँ 'रेशम फिलिली'बाट थाहा पाएँ । 'अभिमन्यु'मा चाहिँ मैले निभाएको पात्रमा हास्य रस कम, गम्भीरताको अलि दखखल देख्न पाइन्छ । यस फिल्ममार्फत ममा अरु विधा पनि रहेछन् भन्ने स्थापित गर्ने अवसर पाएको छु । यो मेरो लागि ठूलो अवसर हो ।'

# दशैंलाई अझै खुलेन अग्रिम बस टिकट बुकिङ, अन्योलमा यात्रु

काठमाडौं/आसन्न दशैंका लागि अग्रिम बस टिकट बुकिङ अझै खुल्न सकेको छैन । दशैं आउन १५ दिन बाँकी रहँदा पनि टिकट बुकिङको विषयमा अन्योल कायमै छ । अनौपचारिक छलफलहरू भए पनि बाढीपहिरोका कारण देशका विभिन्न ग्रामीण क्षेत्रका बाटो र पुलहरूमा ठूलो क्षति पुगेको तथा मनसुन अझै सक्रिय रहेको र मौसमविद्हरूले समेत यसको निरन्तरता रहने बताएकाले तत्काल टिकट बुकिङ गर्न समस्या भएको यातायात व्यवसायीहरूले बताएका छन् ।




यात्रु सुविधाका लागि यातायात व्यवस्था विभागले प्रत्येक वर्ष यातायात व्यवसायी, ट्राफिक प्रहरी लगायत सम्बन्धित पक्षसँग परामर्श गरी देशभरिका सार्वजनिक बसहरूको अग्रिम टिकट बुकिङको व्यवस्था मिलाउँदै आएको छ । यस वर्षको दशैं भने ६ असोजदेखि सुरु हुँदैछ । तर, यातायात व्यवस्था विभागले भने यस विषयमा सरोकारवाला पक्षसँग अझै छलफल गरेको छैन ।

नेपाल राष्ट्रिय यातायात व्यवसायी महासंघका वरिष्ठ उपाध्यक्ष सरोज सिटौलाका अनुसार बाढी पहिरोका कारण सडकको अवस्था खराब भएको र सरकारले सडक सुरक्षाको ग्यारेन्टी नगरेकाले टिकट बुकिङ खुल्न नसकेको हो । सिटौलाले दशैंको अग्रिम टिकट बुकिङबारे औपचारिक छलफल अझै नभएको बताए । 'अझै छलफल भइसकेको छैन,' सिटौलाले संचारकर्मीसँग भने, 'अब एक दुई दिन पछाडि छलफल होला ।'

उनले सरकारको भूमिकाप्रति असन्तुष्टि व्यक्त गरेका छन् । 'यसमा सरकारले के निर्णय गर्नुपर्छ सरकारले जानोस्, हामीलाई सबैतिर बाट अप्ठेरो पार्ने काम भएको छ,' उनले भने । दशैंमा १८ देखि २० लाख नागरिकलाई उनीहरूको गन्तव्यसम्म पुऱ्याउनुपर्ने चुनौतीमा आफूहरू चिन्तित रहेको उनको भनाइ छ ।

तर, यातायात व्यवसायीले भोग्नुपरेको समस्यामा सरकारको उपस्थिति शून्य रहेको भन्दै उनले आक्रोश व्यक्त गरे । 'व्यवसायीको पीडामा सरकारको उपस्थिति शून्य छ । हामी सरकार छ र भनेर खोज्ने अवस्थामा पुगेका छौं,' उपाध्यक्ष सिटौलाले भने । यस वर्षको अग्रिम टिकट बुकिङका लागि सरकारले कुनै कार्यविधि नै नबनाएकाले व्यवसायीहरूले यात्रुलाई स्पष्ट जवाफ दिन नसकेको पनि सिटौलाको भनाइ छ ।

उनले बाढीपहिरोका कारण सडकको अवस्था बिग्रिएको र त्यसको व्यवस्थापनमा सरकारले ध्यान नपुऱ्याएको आरोप उनको छ । यस्तो अवस्थामा यात्रुहरूलाई टिकट दिएर यात्रा गराउनु जोखिमपूर्ण हुने भएकाले तत्काल टिकट बुकिङ खोल्न नसकिएको उनले बताए ।

'त्यस्तो अवस्थामा टिकट दिन हामीलाई समस्या छ,' उनले भने, 'सडकको अवस्था सुरक्षित छ भनी सरकारले ग्यारेन्टी नगरेसम्म अग्रिम टिकट बुकिङबारे अगाडि बढ्न सकिँदैन ।' सिटौलाले दशैंमा यात्रुहरूलाई काठमाडौंबाट बाहिर निकालेर मात्र नपुग्ने भन्दै उनीहरूलाई गाउँ-गाउँसम्म सुरक्षित रूपमा पुऱ्याउनुपर्ने बताए । सडकको सुनिश्चितता भएपछि मात्र थप छलफल गरिने र यसमा सबैको सहकार्य आवश्यक रहेको उनको भनाइ छ । यातायात व्यवसायीले हरेक वर्ष सडक सुरक्षाको माग गर्दै आएको र यस वर्ष पनि सोही माग दोहोऱ्याउने सिटौलाले उल्लेख गरे ।

दशैं लक्षित गरी नयाँ बसहरू भने थपिने क्रममा रहेको सिटौलाले बताए । यी नयाँ गाडी पोखरा, बुटवल, वीरगञ्ज, बनेपा, काठमाडौं, धनगढी, महेन्द्रनगर, झापा, विराटनगर लगायत देशका विभिन्न भागमा सञ्चालनमा आउनेछन् । यद्यपि, उच्च गुणस्तर का यी नयाँ गाडी सञ्चालन गर्न पनि सडक गुणस्तर महत्त्वपूर्ण हुने भएकाले सरकारले सडक मर्मत र सुरक्षाका विषयमा गम्भीरतापूर्वक ध्यान दिनुपर्ने उनको भनाइ छ ।

### औपचारिक छलफल भएको छैन : सार्वजनिक यातायात केन्द्रीय महासंघ

सार्वजनिक यातायात केन्द्रीय महासंघ नेपालका अध्यक्ष डा. डोलराज खनालका अनुसार अग्रिम टिकट बुकिङका सम्बन्धमा अहिलेसम्म कुनै औपचारिक छलफल र विभागीय बैठक बस्न सकेको छैन । उनले दशैं आउन थोरै समय बाँकी रहँदा पनि यस विषयमा सरोकारवाला निकायहरूबीच छलफल हुन नसकेको बताए । 'अझै अग्रिम टिकट बुकिङबारे छलफल हुन सकेको छैन,' डा. खनालले संचारकर्मीसँग भने, 'अग्रिम टिकट बुकिङबारे बैठक राख्ने भन्ने कुरा भए पनि त्यसको मिति र एजेन्डा अझै तय भइसकेको छैन ।'

### अग्रिम टिकट बुकिङबारे २४ भदौमा बैठक बोलाउने विभागको तयारी

दशैंका लागि अग्रिम बस टिकट बुकिङका विषयमा चासो बढिरहेका बेला यातायात व्यवस्था विभागले यस सम्बन्धमा छलफल गरिरहेको जनाएको छ । विभागका महानिर्देशक राजीव पोखरेलले दशैं लक्षित यातायात व्यवस्थापनका लागि तयारी भइरहेको र समय आएपछि विस्तृत छलफल गरिने बताए । महानिर्देशक पोखरेलका अनुसार दशैंको चाडबाड लक्षित व्यवस्थापनका लागि काम भइरहेको छ । उनले अग्रिम टिकट बुकिङका सम्बन्धमा व्यवसायीहरूसँग प्रारम्भिक छलफल १९ भदौमै भएको जानकारी दिए । अब २४ भदौमा पूर्णतयारी बैठक आह्वान गरिएको उनको भनाइ छ ।

'हामीले २४ भदौमा यसको एउटा पूर्णतयारी बैठक गर्ने भनेका छौं, यसमा उहाँहरूलाई हामीले बोलाएका छौं,' पोखरेलले भने । उक्त बैठकमा अग्रिम टिकट बुकिङ, अनलाइन टिकेटिङ, भाडादर तथा मूल्य नियन्त्रण, सिट क्षमताभन्दा बढी यात्रु बोक्न नपाउने व्यवस्था, हेल्प डेस्क स्थापनाजस्ता महत्त्वपूर्ण विषयमा छलफल हुनेछ ।

*(स्रोत: अनलाइनखबर)*

# 'मोहर' हेर्दा 'सुनको मोहर' जित्ने मौका

काठमाडौं/गत साउन २३ गतेबाट प्रदर्शनमा आएको फिल्म 'मोहर' यस वर्षको दोस्रो हिट बनिसकेको छ । ५ करोडमाथि व्यापार गरिसकेको यो फिल्म अब अर्को महत्त्वपूर्ण उपलब्धितर्फ अघि बढ्दैछ । आगामी २० दिनमा (असोज ११ गते) फिल्मले प्रदर्शनको ५१ दिन मनाउँदैछ । सो अवधिसम्म फिल्मलाई हलमा टिकाउन यसको निर्माण पक्षले सुनको मोहर जित्ने योजना अगाडि सारेको छ ।

देशका चारवटा हलमध्ये कुनै एउटामा गएर 'मोहर' हेर्ने ९ जना दर्शकले उक्त पुरस्कार प्राप्त गर्नेछन् । निर्माता चुम्बन जंग शाहीका अनुसार चितवनको म्याङ्गो जनज्योती सिनेमा, समाखुशीको क्यूएफएक्स स्क्वायर मल, कीर्तिपुरको कीर्तिपुर सिनेप्लेक्स र न्यूरोडको रञ्जना सिनेप्लेक्समा फिल्म हेर्ने दर्शकले सुनको मोहर जित्न सक्नेछन् ।

म्याङ्गो हलमा फिल्म हेर्ने ३ जना दर्शकलाई यो पुरस्कारको व्यवस्था गरिएको छ भने सिटी स्क्वायर, कीर्तिपुर र रञ्जना सिनेप्लेक्समा फिल्म हेर्ने समान २/२ जना दर्शकले उक्त पुरस्कार प्राप्त गर्नेछन् । भदौ २३ गतेबाट असोज ११ गतेसम्म समयसीमा राखिएको यो योजनामा सहभागी हुन फिल्मको टिकटको पछाडि नाम र मोबाइल नम्बर लेखेर हलमा राखिएको बक्समा खसाल्नुपर्नेछ ।

विजेताहरुलाई फिल्मको ५१ दिने कार्यक्रममा सुनको मोहर हस्तान्तरण गरिने जनाइएको छ । यो योजनाले फिल्मप्रति दर्शकहरु थप आकर्षित हुने र ५१ दिने यात्रा पूरा गर्न सहज हुने विश्वास निर्माण टिमको छ ।

ओम प्रतिकको लेखन तथा निर्देशनमा बनेको यो फिल्ममा पल शाह, नीति शाह, बेनिशा हमाल, अर्जुन जंग शाही, मिथिला शर्मा लगायतको अभिनय रहेको छ ।

**के तपाई फोटो कपी प्रिन्टर मेसिन किन्दै हुनुहुन्छ ?**

*Brother, Canon, HP, Sharp Ricoh, Epson, Kyocera, Lexmark*

टोनर रिफिलिङ्ग, प्रिन्टर, कम्प्युटर, फोटोकपी लगायतको सर्भिस छिटो छरितो र भरपर्दो रुपमा गर्नुभई ढुक्क हुनुहोस् ।

Printer Shop
*The complete office solution*
*Contact No. 9845292140, 057-527041, Schoolroad, Hetauda-4*
*tonerhouse_htd@yahoo.com*

## हेटौंडामा पनि मनाइयो निजामती सेवा दिवस

# पुरस्कारद्वारा महानिर्देशक बराल सम्मानित

साझाकुरा संवाददाता

हेटौंडा, २२ भदौ/२२ औं निजामती सेवा दिवस हेटौंडामा पनि मनाइएको छ । 'व्यवसायिक र सिर्जनशील प्रशासन: विकास, समृद्धि र सुशासन' भन्ने नारासहित बागमती प्रदेशको मुख्यमन्त्री तथा मन्त्रीपरिषद् कार्यालयको आयोजनामा निजामती सेवा दिवस २०८२ मनाइएको हो ।




दिवसको अवसरमा आइतबार प्रभातफेरी निकालिएको थियो । हेटौंडा-४ स्थित भुटनदेवी माविको प्राङ्गणबाट निकालिएको प्रभातफेरी सीमाचोक, बुद्धचोक, मानसचोक हुँदै मुख्यमन्त्री तथा मन्त्रीपरिषद् कार्यालयको प्राङ्गणमा पुगेर समापन भएको हो । समापन कार्यक्रममा प्रदेशका प्रमुखसचिव भुपाल बरालले निजामती सेवा दिवसलाई औपचारिकतामा मात्र सीमित राख्न नहुने बताए । उनले आज दिवस मनाउँदै गर्दा बाँकी ३ सय ६४ दिन जनताको सेवामा समर्पित हुनुपर्नेमा जोड दिए ।

कर्मचारीले कार्यशैलीलाई प्रभावकारी बनाएर दिवसको सार्थकतालाई पुष्टि गर्नुपर्ने उनको भनाई छ । प्रमुख सचिव बरालले निजामती कर्मचारीप्रति रहेको गलत धारणालाई प्रभावकारी र पारदर्शी कार्यसम्पादनमार्फत् जवाफ दिनुपर्ने बताए । प्रभातफेरीमा विभिन्न मन्त्रालयका सचिवहरु, बागमती प्रदेश सचिवालयका सचिव, प्रमुख जिल्ला अधिकारी स्किम श्रेष्ठलगायत निजामती कर्मचारीको उपस्थिति रहेको थियो । निजामती सेवा दिवसको अवसरमा पुरस्कार पाउने कर्मचारीहरुको नामावली सरकारले यसवर्ष सार्वजनिक गरेन । तर, अघिल्लो वर्ष छानिएका कर्मचारीलाई भने यसवर्ष पुरस्कार प्रदान गरिएको छ ।

सरकारले भदौ २२ गतेको दिन मनाइने निजामती सेवा दिवसको उपलक्ष्यमा एक जनालाई सर्वोत्कृष्ट निजामती, १० जनालाई उत्कृष्ट निजामती र ३० जनालाई निजामती पुरस्कार दिने गर्दथ्यो । वर्षभरमा राम्रो काम गरेका कर्मचारीहरुको मूल्यांकनको आधारमा कर्मचारी छनोट गरिन्थ्यो । दुई लाख रुपैयाँ राशिको सर्वोत्कृष्ट कर्मचारी भने सरकारले २०७३ सालपछि कसैलाई पनि दिएको छैन । पछिल्लोपटक २०७३ सालमा तत्कालीन सचिव शान्तराज सुवेदीले सर्वोत्कृष्ट निजामती सेवा पुरस्कार पाएका थिए । त्यसयता सर्वोत्कृष्ट कर्मचारी नभेटिएको भन्दै सरकारले कसैलाई पनि यो पुरस्कार दिएको छैन ।

तर, एक लाख रुपैयाँ राशिको उत्कृष्ट निजामती र ५० हजार रुपैयाँ राशिको निजामती पुरस्कार पाउने कर्मचारीको नामावली भने हरेकवर्ष सार्वजनिक हुन्थ्यो । पुरस्कार पाउने कर्मचारीको नामावली गोरखापत्र दैनिकमा छापिन्थ्यो । तर, यसपटक त्यो नामावली सार्वजनिक भएको छैन । योवर्ष जलस्रोत तथा सिँचाइका क्षेत्रमा उत्कृष्ट सेवा पुऱ्याएबापत जलस्रोत तथा सिँचाई विभागका महानिर्देशक ई. मित्र बराललाई 'निजामती सेवा पुरस्कार' प्रदान गरिएको छ ।

निजामती सेवा दिवस २०८२ का अवसरमा आयोजित कार्यक्रममा उपप्रधानमन्त्री एवम् सहरी विकासमन्त्री प्रकाशमान सिंहले उनलाई प्रमाणपत्रसहित पुरस्कार अर्पण गरेका हुन् । संघीय मामिला तथा सामान्य प्रशासनमन्त्री भगवती न्यौपाने, मुख्यसचिव एकनारायण अर्याल, संघीय मामिला तथा सामान्य प्रशासन सचिव रविलाल पन्थ पनि उपस्थित थिए । तत्कालीन प्रधानमन्त्री टंकप्रसाद आचार्यको समयमा २०१३ साल भदौ २२ मा पहिलोपटक निजामती सेवा ऐन जारी भएको स्मरणमा २०६१ सालदेखि सरकारले विविध कार्यक्रम आयोजना गरी निजामती सेवा दिवस मनाउँदै आएको छ ।

# १० देखि १८ वर्ष उमेर समूहलक्षित सचेतनामूलक कार्यक्रम



साझाकुरा संवाददाता

हेटौंडा, २२ भदौ/ समाजमा बढ्दो लागूऔषध र मदिराको प्रयोगले बालबालिकामा पर्न सक्ने गम्भीर असरप्रति सचेतना प्रदान गर्ने उद्देश्यले सिविन बाल हेल्पलाइनले सचेतनामूलक कार्यक्रमको आयोजना गरेको छ ।

हेटौंडा उपमहानगर पालिका-८ को वडा कार्यालय र वडास्तरीय बालसञ्जालको समन्वयमा आइतबार सचेतनामूलक कार्यक्रम गरिएको हो । लागूऔषध र मदिराको प्रयोगविरुद्धको सचेतनात्मक कार्यक्रम टोलटोलसम्म पुऱ्याउने उद्देश्यले १० देखि १८ वर्ष उमेर समूहका बालबालिकालक्षित गरी कार्यक्रम आयोजना गरिएको सिविनका प्रबन्धक झविन्द्र ज्ञवालीले बताए । प्रबन्धक ज्ञवालीले लागूऔषध र मदिराको सेवनले बालबालिकाको शारीरिक, मानसिक र सामाजिक विकासमा पार्ने नकारात्मक प्रभावबारे प्रस्तुतीकरण दिएका थिए ।

उनले लागूऔषध र मदिराको दुर्व्यसनबाट कसरी बच्ने, बालबालिकाको आफ्नो कर्तव्य र दायित्व केके हुन्, महिला तथा बालअधिकारका महत्वपूर्ण पक्ष र समस्याको समाधान कसरी गर्ने भन्ने विषयमा जानकारी गराए । टोलस्तरीय बालसञ्जालको वार्षिक कार्यदिशा र यसको प्रभावकारी कार्यान्वयनको आवश्यकतामा पनि जोड दिए । सचेतनामूलक अभियान केवल एक दिनको कार्यक्रम नभई, यसलाई निरन्तरता दिदै प्रत्येक टोलमा पुऱ्याउने लक्ष्य राखिएको प्रबन्धक ज्ञवालीले बताए ।

कार्यक्रमको प्रमुखअतिथि हेटौंडा उपमहानगरपालिका-८ का वडाअध्यक्ष रामकृष्ण थापाले यस्ता सचेतनामूलक कार्यक्रम घरघरसम्म पुऱ्याउनुपर्नेमा जोड दिए । बालबालिकालाई लागूऔषध तथा मदिराको दुर्व्यसनबाट जोगाउन स्थानीय निकाय, विद्यालय, अभिभावक र स्वयं बालबालिका सचेत हुन आवश्यक रहेको बताइएको छ । वडा बालसञ्जालकी अध्यक्ष सुप्रिया मोक्तानको अध्यक्षतामा सम्पन्न कार्यक्रममा हेटौंडा उपमहानगर पालिका बालकल्याणअधिकारी विना थिङ लगायतको उपस्थिति थियो ।

# भीपीएन प्रयोग नगर्न सञ्चार मन्त्रालयको अनुरोध




साझाकुरा संवाददाता

हेटौंडा, २२ भदौ/ सञ्चार तथा सूचना प्रविधि मन्त्रालयले नेपालमा सूचीकरण नभएका सामाजिक सञ्जाल प्ल्याटफर्म चलाउन भर्चुअल प्राइभेट नेटवर्क (भीपीएन) को प्रयोग नगर्न अनुरोध गरेको छ ।

मन्त्रालयले आइतबार एक विज्ञप्ति जारी गर्दै सरकारको निर्णयबमोजिम सूचीकरण नभएका सामाजिक सञ्जाल प्ल्याटफर्मलाई नेपालभित्र निष्क्रिय गराउन नेपाल दूरसञ्चार प्राधिकरणबाट मोवाइल तथा इन्टरनेट सेवा प्रदायकमार्फत ती सामाजिक सञ्जालको पहुँच निषेध भइसकेको हुँदा त्यस्ता सञ्जालको पहुँच प्राप्त गर्न असुरक्षित, अनाधिकृत, जोखिमयुक्त भीपीएन प्रयोग नगर्न/नगराउन अनुरोध गरेको हो ।

भदौ २२ गतेसम्म स्मार्ट आइडिया प्रालि (हाम्रोपात्रो) र ग्लोबल डायरी प्रालि सूचीकरण भई सक्रिय भइसकेको जानकारी मन्त्रालयले गराएको छ । सामाजिक सञ्जाल ट्वीटर (एक्स) र वीच्याटले सूचीकरणका लागि आवश्यक जानकारी माग गरेकोमा सो विवरण उपलब्ध गराइसकिएको जानकारी मन्त्रालयले गराएको छ ।

# स्ट्यान मकवानपुरको तीन पालिकको अधिवेशन सम्पन्न



साझाकुरा संवाददाता

हेटौंडा, २२ भदौ/विज्ञान शिक्षक समाज नेपाल (स्ट्यान) मकवानपुरको तीनवटा स्थानीय पालिका अधिवेशन सम्पन्न भएको छ ।

बकैया, बागमती र राक्सिराङ पालिकाको अधिवेशनबाट नयाँ कार्यसमिति गठन गरिएको छ । बकैया गाउँपालिका अध्यक्ष दुर्गा पराजुलीको सभाध्यक्षता तथा स्ट्यान बागमती प्रदेश सदस्य खेम बिकको प्रमुख आतिथ्यमा अधिवेशन भएको हो । अधिवेशनमा स्ट्यान मकवानपुर जिल्लासचिव सुवास खनाल तथा स्ट्यान बागमती गाउँपालिका अध्यक्ष मधुसुदन हुमागाईंको विशेष आतिथ्य रहेको थियो । अधिवेशनले प्रभात माविका विज्ञान शिक्षक धनबहादुर लामाको अध्यक्षतामा श्याम यादव उपाध्यक्ष, कल्पना गोले सचिव, राजेन्द्र इटेनी सहसचिव, हीराकाजी जिम्बा कोषाध्यक्ष रहेको २० सदस्यीय कार्यसमिति गठन गरेको छ ।

त्यसैगरी बागमती गाउँपालिकामा जनता माविका मावि तहका विज्ञान शिक्षक निरेश गौतमको अध्यक्षतामा अनुराज फुँयाल उपाध्यक्ष, सुनिता बजगाईं सचिव, सजिना थापा सहसचिव, करिना बल कोषाध्यक्ष रहेको १७ सदस्यीय कार्यसमिति गठन गरेको छ । कार्यक्रममा प्रमुखअतिथि विज्ञान शिक्षक समाज मकवानपुरका सचिव सुवास खनाल र विशेष अतिथिमा स्ट्यान जिल्ला सदस्य दुर्गा पराजुली तथा स्ट्यान बकैया गाउँपालिका अध्यक्ष धनबहादुर लामा रहेका थिए ।

यसैगरी राक्सिराङ पालिकाको अध्यक्षमा पुरानै अध्यक्ष कृष्णकुमार गुप्ताले निरन्तरता पाएका छन् । उपाध्यक्षमा विनोद यादव तथा सचिवमा मिथुन रुम्बा निर्वाचित भए । स्ट्यान पालिका अध्यक्ष कृष्णकुमार गुप्ताको सभाध्यक्षतामा भएको अधिवेशनमा स्ट्यान मकवानपुर जिल्ला उपाध्यक्ष भरत पोखरेलको प्रमुख आतिथ्य रहेको थियो भने स्ट्यान हेटौंडा नगर सल्लाहकार रामकृष्ण श्रेष्ठको विशेष आतिथ्यता रहेको थियो ।

# निजामती सेवा दिवसको अवसरमा ब्लुबुक नवीकरण सेवा सुरु




साझाकुरा संवाददाता

हेटौंडा, २२ भदौ/२२ औं निजामती सेवा दिवसको अवसरमा सवारीचालक अनुमतिपत्र कार्यालय, एकान्तकुना ललितपुरबाट दुई पांग्रे सवारीसाधनको सवारी किताब (ब्लुबुक) नवीकरण सेवा सुरु गरिएको छ ।

आइतबार आयोजित कार्यक्रमबीच बागमती प्रदेशका श्रम, रोजगार तथा यातायात मन्त्री जयराम थापाले सेवाको उद्घाटन गरेका हुन् । सेवाको शुभारम्भ गर्दै मन्त्री थापाले यातायात व्यवस्था क्षेत्रमा प्रविधिमैत्री र सहजसेवाको आवश्यकता औंल्याउँदै नयाँ सुविधा सञ्चालनमा आएपछि सेवाग्राहीलाई एउटै कामका लागि फरकफरक कार्यालय धाउनुपर्ने बाध्यता हट्ने विश्वास व्यक्त गरे । उनका अनुसार यसले समय, खर्च र प्रक्रियामा सहजता ल्याउनेछ । साथै मन्त्रालयले छिट्टै यही कार्यालयमार्फत सवारीचालक अनुमतिपत्र छपाइ तथा वितरण सेवा सुरु गर्ने तयारी गरिरहेको उनले जानकारी दिए ।

कार्यालयप्रमुख केशव कुमार जिएमका अनुसार उपलब्ध दरबन्दीअनुसार कर्मचारी परिचालन गरी दैनिक १,५०० देखि २,००० सेवाग्राहीलाई सेवा दिन सकिने व्यवस्था मिलाइएको छ । हाल कार्यालयले दैनिक करिब २००/३०० सवारी चालक अनुमतिपत्र नवीकरण गर्दै आएको र त्यति नै संख्यामा नयाँ अनुमतिपत्रको आवेदन दर्ता गर्ने कार्य भइरहेको उनले जानकारी दिए । कार्यक्रममा मन्त्रालयका अधिकारी, कर्मचारी तथा सेवाग्राहीको उपस्थिति रहेको थियो । निजामती सेवा दिवसकै अवसरमा सुरु गरिएको यस सेवालाई प्रदेशस्तरमा नागरिकमैत्री कदमको रुपमा लिइएको छ ।

# ईभी नीतिमा मापदण्ड र बहस आवश्यक



साझाकुरा संवाददाता

हेटौंडा, २२ भदौ/ बागमती प्रदेशका श्रम तथा यातायातमन्त्री जयराम थापाले विद्युतीय सवारी (ईभी) को प्रवर्द्धनमा सरकार गम्भीर रहेपनि आवश्यक पूर्वाधारको अभावका कारण समस्या देखिएको बताएका छन् ।

आइतबार काठमाडौंमा आयोजित 'केन्द्रबिन्दु ईभी बज 'पोलिसी डिस्कोर्स २०८२' कार्यक्रममा मन्त्री थापाले ईभीको महत्वपूर्णपक्षप्रति सकारात्मक भएपनि चार्जिङ स्टेशनको पहुँच, गाडीको सर्भिसिङ तथा पाटपुर्जा व्यवस्थापन जस्ता कुरामा ठूलो चुनौती रहेको उल्लेख गरे । 'ईभीको धेरै राम्रो पक्षहरु छन् तर, चार्जिङ स्टेशनको अभाव र सर्भिस तथा पाटपुर्जामा समस्या देखिएको छ,' मन्त्री थापाले भने, 'यी समस्याको समाधान खोज्नुपर्छ । केन्द्रीय सरकारले एकीकृत मापदण्ड तयार गर्नुपर्छ, र मापदण्ड कस्तो बनाउने भन्नेबारे छलफल हुनुपर्छ ।'

उनले नेपालको दिगो विकासको लक्ष्यलाई ध्यानमा राख्दै सहभागितामूलक बहस र नीति निर्माण अपरिहार्य रहेको धारणा राखे । कार्यक्रममा पद्मज्योति ग्रुप अफ कम्पनीजका अध्यक्ष सौरभ ज्योतिले पनि विद्युतीय सवारी मात्र नभइ हाइड्रोजन फ्युल सेल, सोलार र हाइब्रिड सवारीसाधनलाई समेत क्लिन इनर्जी भेइकलको रुपमा लिनुपर्नेमा जोड दिए ।

'ईभीले प्रदूषण कम गर्छ र पेट्रोलियम आयातमा हुने विदेशी मुद्रा बचाउँछ तर, यसका अतिरिक्त अन्य प्रविधि पनि वातावरणमैत्री छन्,' उनले भने, '२००३ मै ई-१० नीतिको घोषणा र बजेट विनियोजन गरिए पनि २०२५ सम्म कार्यान्वयन नहुनु नीतिगत कमजोरी हो । अब हामी ई-२० जस्ता विकल्पमा जान सक्ने अवस्थामा छौं, जसले समग्र राज्य र उपभोक्तालाई फाइदा पुऱ्याउँछ ।'

# मिजार समाजको प्रथम जिल्ला सम्मेलन सम्पन्न



साझाकुरा संवाददाता

हेटौंडा, २२ भदौ/ 'देशभरका मिजारहरु एक हौ, प्रगति र सृजनाका लागि दृढ हौं' भन्ने नारासहित मिजार समाज मकवानपुर को प्रथम जिल्ला सम्मेलन हेटौंडामा सम्पन्न भएको छ ।

मकवानपुर मिजार समाजको आयोजनामा भएको सम्मेलनमा जिल्लाभरिका १० पालिकाबाट आएका प्रतिनिधिको उत्साहपूर्ण सहभागिता रहेको थियो । मकवानपुर मिजार समाजका संयोजक बलराम मंग्रातीको सभाध्यक्षता एवम् मिजार समाज नेपाल केन्द्रीय समिति वरिष्ठ उपाध्यक्ष राजु वसेलको प्रमुख उपस्थितिमा सम्मेलन भएको हो । कार्यक्रममा केन्द्रीय महासचिव यमबहादुर सुखाली, सहकोषाध्यक्ष गीता पुर्कोटी, केन्द्रीय सदस्य श्याम विशुन्के, बागमती प्रदेश अध्यक्ष रमेश रम्तेल, मधेश प्रदेश अध्यक्ष दिपेन तोलाङ्गे, बागमती प्रदेश उपाध्यक्ष बालकृष्ण नेपाली, बागमती प्रदेश कोषाध्यक्ष रुपा वर्मा, सिन्धुली जिल्ला अध्यक्ष निर्मला रम्तेल र मकवानपुरका जिल्ला जनस्वास्थ्य अधिकृत कृष्ण मिजारलगायतको सहभागिता थियो ।

सम्मेलनले मिजार समुदायको पहिचान, एकता, सांस्कृतिक प्रगति र सामाजिक सशक्तीकरणमा योगदान पुऱ्याउने र समुदायको हकहितका लागि सक्रिय पहल गर्ने उद्देश्य राखेको संयोजक मंग्रातीले बताए । सम्मेलनले बलराम मग्रातीको अध्यक्षतामा १३ सदस्यीय नयाँ कार्यसमिति चयन गरेको छ । समितिमा उपाध्यक्ष सुरेश नेपाली 'बेरोजगार' र चमेली मिजार, सचिव वीरबहादुर मिजार, सहसचिव प्रकाश मिजार, कोषाध्यक्ष संगीता दवाडी रहेका छन् । त्यस्तै सदस्यमा शान्ति मिजार, पूर्ण नेपालीलगायत रहेका छन् भने हल्लाकारमा कृष्ण नेपाली, रण दुलाल र रामबहादुर दुलाल चयन भएका छन् ।

सम्पूर्ण ब्राण्डका गाडी
एकै ठाउँमा सम्पूर्ण सेवासहित
☞ कार वास भित्र/बाहिर
☞ वायरिङ मर्मत



☞ मेशिनद्वारा A/C मर्मत तथा ग्याँस रिफिलिङ
☞ सेन्सरसम्बन्धी समस्या कम्प्युटरबाट जाँचिने
☞ डेन्ट, पेन्ट, प्लाष्टिक/ग्याँस/इलेक्ट्रिक वेल्डिङ
☞ टायर ब्यालेन्स, पन्चर र फेर्ने काम मेशिनबाट
☞ हेटौंडामै पहिलो पटक N2 (Nitrogen) हावा टायरमा भरिने
☞ इन्जिनसम्बन्धी सबै काम
Himalayan Motors Pvt.Ltd.
हेटौंडा, चौकीटोल
सम्पर्क नं.: ०५७-५९०३३३

साझाकुरा राष्ट्रिय दैनिकका लागि **सविन न्यौपाने**द्वारा प्रकाशित, सम्पादक: **सरला खनाल**, कार्यालय/मुद्रण: हेटौंडा-१ चौकीटोल, फोन नं.: ०५७-५२१११५, E-mail:sajhakura@gmail.com, URL: www.sajhakuranews.com, पोष्ट बक्स नं. २९, **मुद्रण:** सफल छापाखाना